## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## कृष्णपुर नगरपालिका

### कञ्चनपुर





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## कृष्णपुर नगरपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## कृष्णपुर नगरपालिका

### कञ्चनपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ४९८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
कृष्णपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ९ करोड ६५ लाख ७९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६७ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ करोड ५७ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु. २९ लाख ७० हजार र पेश्की रु.१० लाख ८५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १९ करोड ८५ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २९ करोड ५१ लाख ०९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# कृष्णपुर नगरपालिका, कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १११ | १४५ | ९६५७९ | ० | ० | ० | १११ | १४५ | ९६५७९ | ६७४३ | २९७० | ८५७८१ | ० | ० | ८८७५१ | १०८५ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तहको नाम र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कृष्णपुर नगरपालिका, कञ्चनपुर | १९८५३० | ० | ० | १९८५३० | ० | ९६५७९ | २९५१०९ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : कृष्णपुर नगरपालिका, कंचनपुर , कृष्णपुर् नगरपालिका , कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव सिंह भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खेम राज ओझा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ९६,५७९,६८९.७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २२,५२,९७,०४०.९१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८,४६,४६,००० | **चालु खर्च** | ३५,७६,३४,४९५.४२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७३,२३,७४२ | **पूँजीगत खर्च** | २४,६४,७९,६३७.९६ |
| **राजश्व बाँडफाँट** | १३,४९,९६,८५७.१६ | **वित्तीय/अन्य व्यवस्था** | ३०,६९,३३,८५८.६१ |
| **आन्तरिक आय** | ५,२८,७२,४४८.६ | | |
| **अन्य आय** | २२,९०,३४,८४९.८६ | | |
| **कुल आय** | ९१,८८,७३,८९७.६२ | **कुल खर्च** | ९१,१०,४७,९९१.९९ |
| **बाँकी मौज्दात** | | २३,३१,२२,९४६.५४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस कृष्णपुर नगरपालिकामा ९ वडा, २५२.७५ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को तथ्याङ्क अनुसार ७१५००जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण** - यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ३ | | | **वित्तिय विवरणको यथार्थता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्न अनुसार देखिएको छः | |

<table>
<tr>
<td>३.१</td>
<td></td>
<td></td>
<td>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रति-वदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२०,२७,३५,५६३।सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३.२</td>
<td></td>
<td></td>
<td>यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,५२,८५,५८३।९, यस वर्षको प्राप्ति रु.८,६५,७३,३८,९१६।३५,यस वर्षको भुक्तानी रु.२७,२१,७६,३८४ र बैङ्क मौज्दात रु.३,११,२३,०५१।४.फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२)</td><td>२२,५४,९२,६३७।९१</td><td>६७७६२४९६७।६५</td><td>६३,८८,७१,६०८।३८</td><td>२६,४२,४५,९९७।९८</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>२१,०२,०७,०५४</td><td>९३३४९६३८८४</td><td>९१,१०,४७,९९१।९९</td><td>२३,३१,२२,९४६।५४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>फरक</td><td>१,५२,८५,५८३।९</td><td>८,६५,७३,३८,९१६।३५</td><td>२७,२१,७६,३८४</td><td>३,११,२३,०५१।४</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>१९,९९,१४,९७१।</td><td>७,२८,८७,६४५।</td><td>१२,७०,२७,३२६।</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>४,९४,५३,८६७.२८</td><td>(४,९४,५३,८६७)</td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>०</td><td>७,८५,९७,२९६.२</td><td>(७,८५,९७,२९६)</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>४,७३,५९५.९२</td><td>१९,४७,४०५.४९</td><td>(१४,७३,८१०)</td></tr>
<tr><td>विपद व्यवस्थापन खाता</td><td>९०,९०,१६०।</td><td>९५,५७,३९०।</td><td>(४,६७,२३०)</td></tr>
<tr><td>स्थानीय विभाज्य कोष</td><td>३,११,२३,०५०.६४</td><td>०</td><td>३,११,२३,०५१।</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष खाता</td><td>६०,२३,४५६.९१</td><td>६०,२३,४५६.९१</td><td>०</td></tr>
<tr><td>धरौटी</td><td>१,४७,५९,१५१.१७</td><td>१,४७,५९,१५१.१७</td><td>०</td></tr>
</table>
</td><td>२८,१५८,१३७</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>०.७६</td><td>-१</td></tr>
<tr><td>बैङ्क</td><td>२६,१३,८४,३८६।</td><td>२३,३२,२६,२१३।</td><td>२,८१,५८,१७३।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२,८१,५८,१७३।</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्क बीच हिसाब मिलान गर्नुपर्दछ, पालिकको श्रेस्ता अनुसारको मौज्दात र बैंक अनुसारको मौज्दात एक आपसमा मेल नखाएको देखिन्छ । तसर्थ बैंक र श्रेस्ता अनुसारको मौज्दात रकममा रु.२,८१,५८,१७३। को फरक परेको सम्बन्धमा फरक पर्नाको कारण यकिन गरि प्रमाण पेश गर्नुपर्ने
</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.४,९४,५३,८६७।२८, पुँजीगत खातामा रु.७,८५,९७,२९६, मौज्दात रहेको पाइयो । उक्त रकम श्रावण मसान्तमा महिनामा सञ्चित कोषमा स्थानान्तरण गरेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन । यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन:<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म ले प फा नं मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन , साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पूँजीगत निर्माणमुखी रहेको पाइएन ,<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ,<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन , | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ,<br><br>• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन ,<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ,<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ,<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन , | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ,<br><br>• प्रचलित कानुन अनुसार लेखा समित गठन नगरेको, गठन गरे पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन ,<br><br>• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन ,<br><br>• सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br><br>• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन ,<br><br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन ,<br><br>• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गरेको पाइएन,<br><br>• पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन , | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन ,<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ,<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ,<br><br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन , स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ,<br><br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन , | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन , | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन ,<br><br>• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन ,<br><br>तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ५ | | | **सिफारिस बेगर भुक्तानी -**<br><br>प्राविधिक तथा अन्य शाखाहरूबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरू सहित सिफारिसको लागि म.ले.प. फाराम नं. २०२ को ढाँचामा भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनु पर्नेमा सिफारिस पत्र नलिई भुक्तानी दिने गरेको देखियो । आर्थिक प्रशासन शाखाले भुक्तानी दिदा सिफारिस पत्र लिएर भुक्तानी दिने व्यबस्था हुनुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७ | | | **बजेट सीमा निर्धारण समिति** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **चौमासिक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । (रु. हजारमा)

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेस्रो** | **असार महिना** |
| चालु खर्चतर्फ | ३५७६३४ | ६१०१३ | १००३९१ | १९६२३० | ९४५५० |
| पूँजिगत खर्च तर्फ | २४६४७९ | १३९१ | ४१९३८ | २०३१५० | १२५४०१ |
| जम्मा | ६०४११३ | ६२४०४ | १४२३२९ | ३९९३८० | २१९९५१ |
| प्रतिशत | १०० | १०।३३ | २३।५६ | ६६।११ | ३६।४१ |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. निकासा भएकोमा प्रथम चौमासिकमा रु.६,२४,०४,०००। अर्थात १०।३३ प्रतिशत, दोश्रो चौमासिकमा रु. १४,२३,२९,०००। अर्थात २३।५६ प्रतिशत, तेश्रो चौमासिकमा रु. ३९,९३,८०,०००। अर्थात ६६।११ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २१,९९,५१,०००। अर्थात प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>खर्चको विश्लेषण - पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.५,२८,७२,४४८।६ राजस्व बाँडफाँड र अनुदानबाट रु.६३,६९,६६,५९९।१६ समेत रु.६८,९८,३९,०४७।२६आम्दानी भएकोमा चालु तर्फ रु.३५,७६,३४,४९५।४२२ पूँजिगत तर्फ रु.२४,६४,७९,६३७।९६समेत रु.६०,४१,१४,१३३।खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ८।७५प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६१,०२,५००। खर्च भएको छ जुन आन्तरिक आय रु. ५,२८,७२,४४८।६को ११।५४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९।२० प्रतिशत चालु र ४०।८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।(रु. हजारमा)<br>
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>जम्मा खर्चको तुलनामा खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४४८६५</td><td>२४१३३</td><td>३।९९</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २ | पूर्वाधार विकास | २८३३४२ | १७५७३८ | २९।०९ |
| ३ | सामाजिक विकास | ३३१२२० | २५५९४७ | ४२।३७ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६६२९ | १०६८७ | १।७७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५९१५७ | १३७६०९ | २२।७८ |
| **जम्मा** | | **८३५२०३** | **६०४११४** | १००। |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२।३७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १।७७ प्रतिशत खर्च रहेको छ ।

११

**योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ५४३ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका** | **रु.५ लाखदेखि २०** | **रु.५लाखभन्दा कमका** |
|---|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>योजना सङ्ख्या</td><td>लाख सम्मका योजना सङ्ख्या</td><td>योजना सङ्ख्या</td></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>१२१</td><td>३</td><td>३४</td><td>८४</td></tr>
<tr><td>२.</td><td>वडास्तरीय</td><td>४२२</td><td>०</td><td>१४२</td><td>२८०</td></tr>
</table>
उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>लक्ष्य प्रगति - कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कार्य सम्पादन - स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन (LISA रिपोर्ट) अनुसार यस पालिकाको समग्र कार्य सम्पादन मुल्याँङ्कनमा आर्थिक बर्ष २०७७।७८ मा कुल १०० अंकमा ४७ अंक प्राप्त गरेको देखिन्छ ।समग्र कार्य सम्पादनमा सुधार गरी उच्चतम अंक प्राप्त गर्न पालिकाको निरन्तर प्रयाश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ६ वटा नियमावली, २७कार्यविधि लगायत ५ निर्देशिका र १ मापदण्ड १ संहिता सहित ५९ वटा कानुन निर्माण गरी कार्यान्वयननमा ल्याएको छ ।</td><td></td></tr>
</table>

१५

**सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार वटा ऐन, वटा नियमावली र बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ९ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २३५६ |
| मृत्युदर्ता | २५५ |
| बसाईसराई दर्ता | ४४६ |
| विवाह दर्ता | ५४६ |
| सम्बन्धविच्छेद दर्ता | ३ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ७ कि.मि. |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ४२ कि.मि. |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **सार्बजनिक जग्गाको उपयोग -** भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले सार्बजनिक जग्गा उपयोगमा ल्याउदा नेपाल सरकारको स्वीकृति नलिएको अबस्था देखिएकोले निर्माण कार्य गर्दा उक्त व्यहोरा कार्यान्वियनका लागि आबश्यक पहल गरेरमात्र निर्माण कार्य सुरु गर्न ध्यान जान आबश्यक देखिन्छ । | |
| १७ | | | **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२०,००,०००। ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | |
| १८ | | | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १४ र यो बर्ष थप भएको १२ गरी कुल २६ विवाद दर्ता भएकोमा ११ वटा मात्र फस्योंट भई १५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |
| १९ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्विजनक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन ।सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ । | |

<table>
<tr><td>२०</td><td></td><td></td><td>ठेक्का व्यबस्थापन - सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्यका देहाय बमोजिम सबै ठेक्का तेस्रो चौमासिकमा भएको देखिन्छ। गुणस्तरिय र भरपर्दो निर्माण कार्यका लागि चौमासिकगत रुपमा ठेक्का पट्टा समेत गरी काम गराउने व्यवस्था हुनुपर्दछ । (रु.हजारमा)<br><br>
<table>
<tr><td rowspan="2">कुल निर्माण खर्च</td><td colspan="2">सोझै खरिद</td><td colspan="2">सिलबन्दी दरभाउपत्र</td><td colspan="2">बोलपत्र</td><td colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</td></tr>
<tr><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>१०१०५१</td><td>२३</td><td>१४६४१</td><td>२५</td><td>६६८६९</td><td>९</td><td>१९५४१</td><td>५७</td><td>१०१०५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तरगत वार्षिक रु.२४,६४,७९,६३७।९६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सवारीसाधन खरिद</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन खरिदमा रु. ४,४३,५३०।७७ खर्च गरेको छ । आवश्यक्ताको विश्लेषण गरी मितव्ययी रुपमा खरिद गर्ने व्यवस्था हुनुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>खर्च स्रोत</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>२</td><td>आन्तरिक आय</td><td>४४३५३०।७७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४४३५३०।७७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कृषी सामाग्री वितरण -</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>पालिकाले बिभिन्न सामाग्री वितरण गर्दा वितरित सामानको उच्चतम सदुपयोग हुने गरी आबश्यक प्रमाण कागजात लिएर वितरण गर्ने व्यबस्था हुनुपर्दछ । तर यस कार्यक्रमबाट बिभिन्न बडाका स्थानीय बासिन्दालाई तरकारी, फलफूल तथा खाद्यान्नका बिउ, बिजन र बेर्नाहरु बितरण गरेको सुनिश्चित हुनका लागि सम्बन्धित सबै लाभग्राहीको परिचय गराउने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस लिने गरेको पाइएन । यसका अतिरिक्त त्यस्ता सामान वितरण गर्दा बुझिलिने व्यक्तिको के कति जग्गा जमिन छ सो खुलाउने गरेको पाइएन । उल्लेखित व्यहोरा खुल्ने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस नलिई काम सम्पन्न गर्दा बितरित समान तोकिएको उदेश्य अनुसार गुणस्तरयुक्त सामान प्राथमिकताका आधारमा उच्चतमा सदुपयोग हुने गरी विबरण गरेको छ भन्ने अबस्था रहेन । यस्तो प्रकारले वितरण गर्ने कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २३.२ | ३० | २०७९-३-८ | यस पालिकाले अनुदानमा बितरण हुने सामानको बिल प्राप्त भए पछि कुल बिल रकममा आयकर ऐन, २०५८ बमोजिम १.५ प्रतिशत कर कट्टा गरी भुक्तानी दिने गरेको देखिन्छ । तर रबिन्द्र एग्रो एण्ड ट्रेडर्सलाई ३ पावर ट्रेलरको कुल रु.६,१०,०००। को विल प्राप्त भएकोमा रु.९,१५०। कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा रु.४,५००। मात्र कर कट्टा गरेको पाइएकोले नपुग कर रकम रु.४,६५०। अशुल गरी दाखिला गर्नुपर्ने रु. | ४,६५० |
| २४ | | | **बार्षिक प्रतिबेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २५ | | | **बिपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ । पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु.१,९७,४८,३१६।र यो वर्ष थप रु.२०,००,०००।, कोषबाट यो बर्षमा रु.१,२६,५८,१५६। खर्च भई रु.९०,९०,१६०। बाकी रहेको देखीयो ।कोभिड कोषबाट खर्च गर्ने कार्यविधि तथा नियम बनाएको अवस्था छैन । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ । | |
| २६ | | | **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाखरिद गरी रु.१४,८८,२१०। खर्च लेखेको छ ।<br><br>पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श | |

| | | | | |
|---|---|---|---|---|
| | | | सेवा खरिद गनुपर्नेमा लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता भएको देखिएन भने प्राप्त प्रतिवेदन सम्पत्तिको रुपमा अभिलेख जनाई राखेको समेत पाइएन। | |

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| बनकोदाल खोला पुल निर्माण | भिजनरी डिजाइन प्रा.लि | १५,००,००० | १४,८८,२१० | ९,३०,६०,८०२।२० |
| **जम्माः** | | १५,००,००० | १४,८८,२१० | ९,३०,६०,८०२।२० |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.५,०००। देखि रु.१०,०००। सम्म गरी कुल रु.१०,००,०००।आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५,२८,७२,४४८।६ को १.८९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ । | |
| २८ | | | **विविध तथा सभा संञ्चालन खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु.२२,००,०००। र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रु.५,००,६२६।समेत कुल रु.४७,५६,३२४।खर्च गरेको छ । सो उक्त खर्च पालिकाको आन्तरिक आय रु.२१,९७,७८,०९३।३७ को २.१६ प्रतिशत हुन आउछ । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ । | |

<table>
<tr><td>२९</td><td></td><td></td><td>आन्तिरिक लेखापरीक्षण शाखा - प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>पेश्की बाँकी - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेश्की दिने र फस्यौंट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ ।यसका अतिरिक्त निर्माण व्यबसायीलाई निर्माण कार्यका लागि मोबिलाइजेसन प्रयोजनलाई दिएको पेश्की उक्त नियमावली र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) बमोजिम फस्यौंट हुनुपर्ने देखिन्छ ।पालिकाले तपशिल बमोजिमको मोबिलाइजेसन पेश्की र म्याद नाघेको कर्मचारी पेश्की समयमा नै फस्यौंट गर्नु पर्दछ रु.
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">पेश्की लिएको मिति</th><th rowspan="2">गो. भौ.</th><th rowspan="2">पेश्कीको विवरण</th><th rowspan="2">पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनी को नाम</th><th rowspan="2">खर्च उपशिर्षक</th><th colspan="2">जम्मा बाँकी पेश्की</th><th></th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th><th>जम्मा</th></tr>
<tr><td colspan="9">कर्मचारी</td></tr>
<tr><td>१</td><td>२०७९/३/२५</td><td>५४१</td><td>म्याचिंग फन्ड समपुरक कोष</td><td>मदनराज पण्डित</td><td>३११५९</td><td></td><td>३०००००</td><td>३०००००</td></tr>
<tr><td>२</td><td>२०७९/३/२५</td><td>९८१</td><td>टुहुरा बालबालिका,असाय</td><td>मदनराज पण्डित</td><td>२२५२२</td><td></td><td>५०००००</td><td>५०००००</td></tr>
</table></td><td>१,०८५,००० </td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बालवालिका र न्युनवर्गका बालबालिमा सम्वन्धी कार्यक्रम | | | | | |
| ३ | २०७९/३/२५ | ९८२ | ईन्धन अन्य प्रयोजन | राम कुमार चौधरी | २२३१४ | | २८५००० | २८५००० |
| जम्मा | | | | | | | १०,८५,०००। | १०,८५,०००। |
| निर्माण व्यवसायी | | | | | | | | |
| ४ | २०७८/७/१२ | ६ | सडक कालोपत्रे वडा नं ७,८ र ९ | वाई बि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३११५१ | २५२००० | | २५२००० |
| ५ | २०७८/८/८ | ८ | गढबिजुला सामुदायिक वन क्षेत्रमा साझेदारीमा इको पार्क निर्माण क्रमागत | जोशी अमृत जे भि बेदकोट न पा कंचनपुर | ३११५९ | ३२१७०७९।४१ | | ३२१७०७९।४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २०७८/८/१२ | १७ | सडक कालोपत्रे वडा नं ४,५ र ६ | चन्द्र ग्रुप एण्ड सप्लायर्स प्रा ली | ३११५१ | ३८२००० | | ३८२००० |
| ७ | २०७८/१०/६ | ३४ | सडक कालोपत्रे वडा नं ७,८ र ९ | वाई बि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३११५१ | २५२००० | | २५२००० |
| ८ | २०७८/११/९ | ४६ र ५० | ६ नं वडा कार्यालय भवन निर्माण क्रमागत | कैलास राखि जे भि | ३१११२ | १७८०००० | | १७८०००० |
| जम्मा | | | | | | ५८,८३,०७९।४१ | | ५८,८३,०७९।४१ |
| कुल जम्मा | | | | | | ५८,८३,०७९।४१ | १०,८५,०००। | ६९,६८,०७९।४१ |

३१ **निरीक्षण नभएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा यस पालिकाले प्राप्त गरेको कुल राजश्व रु ५,२८,७२,४४८।१ प्राप्त भएकोमा नियमावलीको व्यहवस्था अनुसार अनुगमन गरेको पाइएन । यस्तो अवस्थामा सबै राजश्व यथार्थरुपमा अशुल गरी समयमै दाखिला गरेको छ भन्ने अवस्था छैन । यसमा सुधार हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **आय ठेक्का -** | |
| ३२.१ | | | पालिकाबाट उपलव्ध जानकारी अनुसार यस पालिकाले यस आ ब मा आय प्राप्त हुने गरी निम्न अनुसारका आय ठेक्का लगाइ सम्झौता भएको जनाएको छ । | ३,९०९,२७३ |

| क्र सं | काम | न्युनतम कायम रकम | ठेक रकम रु. | सम्झौता लागू मिति | सम्झौता सकिने मिति | व्यबसायी | अशुल रकम |
|---|---|---|---|---|---|---|---|
| १ | नदीजन्य पदार्थ संकलन | २,०३,१५,०००। | २,६२,५१,००१। | २०७८।७।१७ | २०७९।२।३० | एल वी एण्ड ए बी बिल्डर्स | |
| २ | विज्ञापन कर | ४५,०००। | ४७,१११। | २०७८।५।७ | २०७९।३।३० | मौलिङ्ग कन्स्ट्रक्सन एण्ड बिल्डर्स | |
| ३ | कवाडी तथा जीबजन्तु कर | १,५२,४६०। | १५,५१,०००। | २०७८।४।२७ | २०७९।३।३० | बिश्वास कन्स्ट्रक्सन | |
| ४ | सडक सेवा शुल्क | १०,००,०००। | २२,२२,२२२। | २०७८।६।२४ | २०७९।३।३० | रिप्सन कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | पटके व्यबसाय कर | ३०,०००। | न्यूनतम रु.२०,०००। कायम गरी ठेक्का आव्हान गर्दा समेत ठेक्का नलागेको | | |

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन
अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्यअभिबृद्धि करउठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्यअभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावाला बाट संकलन गरीने राजश्व शीर्षकनं ३३३१७मा दाखिला गर्नुपर्ने थप कानुनी व्यबस्था रहेकोछ। तर यस पालिकाले उल्लेखित आय ठेक्कामा अशुल गर्नुपर्ने मुल्य अभिबृद्धि कर रकम राजश्व शीर्षकनं ३३३१७ मा दाखिला गर्नुपर्नेमा दाखिला गरी प्रमाण पेश गर्ने गरी व्यबसायीसँग सम्झौता गरे पनि निजहरुले दाखिला गरेको नदेखिएकोले सम्झौता रकममा हुने मु अ कर रकम पालिकाले अशुल गरी तोकिएको राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| **क्र सं** | **काम** | **ठेक रकम रु.** | **व्यबसायी** | **मु अ कर रकम रु.** |
|---|---|---|---|---|
| १ | नदीजन्य पदार्थ संकलन | २,६२,५१,००१। | एल वी एण्ड ए बी बिल्डर्स | ३४,१२,६३०। |
| २ | विज्ञापन कर | ४७,१११। | मौलिङ्ग कन्स्ट्रक्सन एण्ड बिल्डर्स | ६,१२४। |
| ३ | कवाडी तथा जीबजन्तु कर | १५,५१,०००। | बिश्वास कन्स्ट्रक्सन | २,०१,६३०। |
| ४ | सडक सेवा शुल्क | २२,२२,२२२। | रिप्सन कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | २,८८,८८९। |
| | | | जम्मा रु. | ३९,०९,२७३। |

| | | | | |
|---|---|---|---|---|
| ३२.२ | | | ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन, बिक्री तथा व्यबस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम नदीजन्य पदार्थ संकलन क्षेत्रमा सम्झौता लगायतका शर्त पालन भए नभएको अनुगमन नभएको, संकलन क्षेत्रमा तोकिए बमोजिमको सूचना पाटी राख्नु पर्नेमा राखेको प्रमाण पेश नभएको देखिन्छ । नदीजन्य पदार्थ संकलनको लागि ठेक्कापट्टाको कार्य गर्दा तोकिएका सबै व्पहोरा र संघीय सरकार तथा प्रदेश सरकारले तोकेका सबै व्यहोरा अनिबार्यरुपमा पालना गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ३२.३ | | | नगर कार्यपालिकाको २०७९।२।३१ को निर्णय अनुसार कृष्णपुर नगरपालिका अर्न्तगतका नदिनालाबाट अनधिकृतरुपमा नदीजन्य पदार्थ संकलन गरी जम्मा गरी राखेको ( ढुङ्गा, गिट्टी, बालुवा) देखिएको नियमानुसार राजश्व अशुल गरी संकलन भएको स्थानलाई खाली गर्न आजैका मिति देखि लागू हुने गरी ७ दिने सूचना प्रकाशन गर्ने निर्णय गरेको देखियो । तर सो निर्णय अनुसार कुनै राजश्व अशुल गरी दाखिला गरेको प्रमाण लेखापरीक्षणमा पेश हुन आएन । पालिकाले अनधिकृतरुपमा नदीजन्य पदार्थ संकलन गरेको ठहर गरी निर्णय समेत गरेकोमा त्यसरी संकलन गरेको परिमाणको हुने राजश्व संकलनमा उदासिन रहनु मनासिब देखिएन । अनधिकृतरुपमा संकलन गरेको परिमाण एकिन गरी त्यसको हुने राजश्व अशुल गर्नुपर्दछ । | |
| ३२.४ | | | नदीजन्य पदार्थ संकलनका लागि एल बी एण्ड ए बी बिल्डर्स ले मोहना, मछेली, बन्दा, र बनरा नदी सहित ४ नदीबाट कुल ३,१८,६७०.३० घन मिटर संकलन गर्न पाउने गरी सम्झौता गरे पनि उक्त परीमाण अनुसार उठाए नउठाएको पालिकाबाट कुनै अनुगमन मुल्याँङ्कन गरेको छैन ।यस्तो अबस्थामा तोकिएको परिमाणमात्र संकलन गरी पालिकालाई प्राप्त हुनुपर्ने आय यथार्थरुपमा प्राप्त भएको भन्ने अबस्था छैन ।ठेक्का सम्झौता अनुसार तोकिएको परिमाणमात्र संकलन गर्ने गराउने कार्यको निरन्तर अनुगमन मुल्याँङ्कन गरी तोकिएको परिमाणभन्दा बढी संकलन नगरेको सम्बन्धमा सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ । ठेक्का सम्झौता पश्चात तोकिएको परिमाण भन्दा बढी संकलन गरे नगरेको एकिन नगरे पनि उक्त नदी क्षेत्रबाट नदीजन्य संकलन प्रयोजनको काम गराउनु पर्ने भनि २०७७।७८ मा रु. १०,०१,०३८।को लागत अनुमान तयार गरी रु. ९,८३,१००। भुक्तानी दिएर र २०७८।७९ मा रु. ९,९२,१४०। को लागत अनुमान तयार गरी रु. ९,९२,१४०।भुक्तानी दिएर आई ई ई भने गराइरहेको छ । यसरी कार्य गराउँदा आ इ इ खर्च सदुपयोग समेत हुने गरी कार्य गराउनु पर्दछ। | |

| | | | | |
|---|---|---|---|---|
| ३२.५ | | | उक्त नदीजन्य पदार्थ संकलनका व्यबसायीले यस पालिकाबाट प्रमाणित नगदी रसिद प्रयोग गरेरमात्र राजश्व संकलन गर्न पाउने सम्झौता अनुसार यस पालिकाबाट ५२००० हजार नंम्बर सम्मका नगदी रसिदमात्र प्रमाणित गरी लगेको पालिकाको अभिलेखबाट देखिएकोमा उक्त व्यबसायीले सो भन्दा बढी संख्यामा रसिद प्रयोग गरे नगरेको अनुगमन नगरेको अवस्था हेको छ । यसले गर्दा व्यबसायीले यस पालिकाबाट नगदी रसिद प्रमाणित नगरी तोकिएको परिमाणभन्दा बढी परिमाणमा संकलन गरी पालिकालाई थप परिमाणको राजश्व नबुझाएको हुन सक्ने अबस्था समेत रहन्छ । यस सम्बन्धमा पालिकाबाट यथार्थता यकिन गरी संकलन गरेको परिमाण अनुसार पालिकालाई प्राप्त हुनुपर्ने सबै राजश्व प्राप्त भएको सुनिश्चित हुनुपर्दछ । | |
| ३३ | | | **नगदी रसिदको प्रयोग -** पालिकामा यो बर्ष कुल ३५ प्याड नगदी रसिद रहेकोमा २६ मौज्दात रही १६५०१ देखि १७४०० सम्म नंम्बर भएका ९ प्याड पालिका कार्यालय र वडा कार्यालयबाट राजश्व सम्बन्धी सफ्टवेयर नचलेको अबस्थामा प्रयोगमा ल्याएको जनाएको छ ।उक्त प्याडबाट अशुल गरेको राजश्व सम्बन्धमा जोडजम्मा गरी दाखिला भए नभएको एकिन गर्नुपर्नेमा सो नगरी नगदी रसिद बुझिलिनेले दाखिला गरि दिएको रकमलाई नै यथार्थ अशुली मानेको छ ।कार्यालयमा प्राप्त राजश्व आन्तरिक रुपमा भिडान परिक्षण पनि गरेको छैन । भिडान गर्न सकिनेगरी श्रेस्ता अभिलेख पनि राखेको छैन । म ले प फारम प्रयोगमा ल्याएको पनि पाइएन । जसले गर्दा प्राप्त हुनुपर्ने राजश्वमा यकिन भिडान परिक्षण गर्न सकिएन । नगदी रसिदबाट अशुल गरेको राजश्व सम्बन्धमा जोडजम्मा गरी यथार्थरुपमा दाखिला भए नभएको यकिन हुने व्यबस्था हुनुपर्दछ । | |
| ३४ | | | **मेशिनरी औजारलगायत भाडामा -** यस पालिकामा रहेको एक्साभेटर भाडामा पनि दिने र एम्बुलेन्स माग अनुसार नगदी रसिदबाट आम्दानी प्राप्त गरी सेवाग्राहीलाई उपलव्ध गराउने गरेको पाइयो । तर यस आ ब मा एक्साभेटरबाट कुनै आम्दानी नगरेको र एम्बुलेन्सबाट भएको प्राप्त आयबाट मर्मत लगायतका खर्च कट्टा गरी दाखिला गर्ने गरेको भनेपनि यसरी उपलव्ध गराइने सामानको जिम्मेबार व्यक्तिको स्वीकृतिमा पठाएको लगायतका व्यहोरा खुल्ने गरी अभिलेख राखेको पाइएन । यस्तो अबस्थामा उल्लेखित सामानहरु भाडामा उपलव्ध गराएर यथार्थ आय दाखिला भएको छ भनि सुनिश्चित हुने अबस्था रहेन । जिम्मेवार व्यक्तिको स्वीकृतिमा सामान पठाइ प्राप्त आय यथार्थरुपमा दाखिला गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ३५ | | | **कार्ययोजना** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । उल्लेखित व्यबस्था अनुसार यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत गरेको अभिलेख रहेको देखिएन । केही समितिले केही रकम पालिकामा जम्मा गरेको देखिए पनि वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम एकिन गरी पालिकामा जम्मा गरेको छ भनि सुनिश्चित हुने अबस्था रहेको पाइएन ।सबै उपभोक्ता समितिलाई कार्य योजना स्वीकृत गर्न लगाउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम दाखिला गर्न लगाउने व्यबस्था हुनुपर्दछ । | |
| ३६ | | | **रकम बाँडफाँड नभएको -** सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालयको प सं ०७९।८० च नं ५८ मिति २०७९।४।२४ को पत्र अनुसार यस पालिका लगायत यस प्रदेशका सबै पालिकाले प्रदेश आर्थिक ऐन बमोजिम आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, वालुवा र दहत्तर बहत्तरको राजश्व रकम पालिकाको विभाज्य कोषमा राखी सो मध्येबाट ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा र बाँकी ४० प्रतिशतले हुने रकम मासिकरुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेमा २०७८।७९ को रकम हालसम्म सञ्चित कोषमा दाखिला नगरेकोले दाखिला गरी तथा २०७८।७९ को संकलन हुने राजश्व बाँडफाँडको रकम सोही अनुरुप प्रदेश सञ्चित कोषमा नियमितरुपमा जम्मा गरी सोको विबरण मन्त्रालयमा उपलव्ध गराउनु हुन भनि सरोकार राख्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग सिँहदरबार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेशलाई पत्र पठाएकोमा यस पालिकाबाट लेखापरीक्षण समय २०७९ पुससम्ममा कुनै रकम पठाएको पाइएन । यस सम्बन्धमा स्थानीय सरकार संञ्चलन ऐन, २०७४ को दफा ६२क को दफा(३) पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा जराजुरी दहत्तर, बहत्तर आदिको बिक्री गरेको रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था भएकोले संकलन भएको राजश्व बिभाज्य कोषमा जम्मा गरी प्रदेश सञ्चित कोषमा पठाउन नसकिएको भनाई पालिकाको रहेको देखियो । यस सम्बन्धमा सम्बन्धित पालिका र प्रदेश सरकारले समन्वय गरी अशुली रकमको बाँडफाँड सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **सेवा केन्द्र -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले हिँसा प्रभावित महिलाहरुकालागि सामुदायिक सेवा केन्द्र संचालन कार्यक्रमबाट श्री कृष्ण एकता महिला विकास बहुउद्देश्यिय सहकारी सस्थालाई रु.५,३४,३८०।भुक्तानी दिएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्:<br><br>• सहकारी सस्थासँग सम्झौता गरी सम्झौता अनुसार रकम भुक्तानी दिनु पर्नेमा सोझै भुक्तानी दिएको छ।<br><br>• सहकारी सस्थाले हिंसाको प्रकृति अनुसार सेवा उपलब्ध नगराइ बाख्रा चोरी आरोपका पिडितलाई कपडा र खाना उपलब्ध गराएको कागजात पेश भएको छ।<br><br>• अनुदान वितरण गर्दा मापदण्ड निर्धारण गरेको पाइएन । जिविकोपार्जन वापत हेमन्ती पार्की ,धर्मकन्या वानिया ,लालमती दमाई र हिरा वलाएरलाई रु.१० हजारका दरले नगद वुझाएको भरपाई संलग्न गरी रु.४०,०००।खर्च लेखेको छ ।<br><br>• उपलव्ध गराएको रकमबाट तलव भत्ता भुक्तानी दिन मिल्ने आधार प्रमाण बेगर साउनदेखि असारसम्मको तलव उल्लेख गरी रु.१,२०,०००।भुक्तानीको भरपाई पेश गरेको छ ।<br><br>• विल भरपाई र खर्च भएको खुल्ने कागजात वेगर सञ्चार वापत रु.३६,०००।र यातायात वापत रु.४०,०००।उल्लेख गरी जम्मा रु.७६,०००।चन्दा पनेरुले वुझेको भरपाई पेश गरेको छ ।<br><br>यस्ता रकम उपलव्ध गराउने र खर्च गर्ने सम्बन्धमा कार्यविधि वनाई रकम उपलव्ध गराउने र अनुगमन गर्ने व्यवस्था गरेर मात्र रकम उपलव्ध गराउने व्यबस्था हुनुपर्दछ । | |
| ३८ | ५०७ | २०७८-११-१३ | **अनियमित भुक्तानी -** नेपालको संबिधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित बिषयमा निहित रहने उल्लेख छ । यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ ।उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार | १,०००,००० |

<table>
<tr><td></td><td></td><td></td><td>निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर यस पालिकाले कन्चन बहुमुखी क्याम्पस वडा नं ५ का लागि नगर कार्यपालिकाको निर्णय अनुसार शैक्षिक सुदृढिकरणका लागि भनि रु.१०,००,०००।भुक्तानी दिएको कार्य नगरपालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले उक्त खर्च नियमित नदेखिएको रु.</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>स्वास्थ्य सस्थालाई अनुदान - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालकाले जेष्ठ नागरिक ,आकस्मिक विरामी ,अशक्त ,अपाङ्ग ,गर्भवती सुत्केरी ,बालबालिबाहरुलाई उपचार तथा प्रयोगशालामा निशुल्क सहयोग गर्न तपसिलबमजिमका स्वास्थ्य सस्थालाई रु.२५०,०००। रकम उपलब्ध गराएको छ । उक्त रकम खर्च भएको खुल्ने विल ,भरपाई , उपलब्ध गराएको सेवा र सेवा लिनेको विवरण लगाएतका अन्य कागजात संलग्न राखेको देखिएन । खर्च भएको प्रष्ट खुल्ने आधार तथा कागजात विना रकम भुक्तानी गर्नु मनासिव देखिएन यस्तो कार्यमा पालिकाले सुधार गर्नु पर्दछ ।
<table>
<tr><td>क्र.स</td><td>गो.भौ.नं र मिति</td><td>स्वास्थ्य सस्थाको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>स्वास्थ्य चालू २९,२०७८/१०/१२</td><td>कृष्णपुर स्वास्थ्य चौकी</td><td>१,००,०००।</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य चालू २९,२०७८/१०/१२</td><td>रैकवर स्वास्थ्य चौकी</td><td>५०,०००।</td></tr>
<tr><td>३</td><td>स्वास्थ्य चालू ८५,२०७९/३/१८</td><td>कृष्णपुर स्वास्थ्य चौकी</td><td>१,००,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२,५०,०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>प्रमाण बेगर खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । यस पालिकाले निवेदनका आधारमामात्र तपसिलबमोजिम आर्थिक सहयोग उल्लेख गरी खर्च लेखेको छ । खर्च खुल्ने बिल भरपाई संलग्न नराखि निवेदनका आधारमा मात्र खर्च लेख्नु मनासिव नदेखिएको यस्ता खर्च नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्र.स | गोभौनंरमिति | भुक्तानीलिनेकोनाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | १६९,२०७८/८/१९ | नरेसनाथयोगी | भलिवल प्रतियोगितकोलागि आर्थिक सहयोग | १०,०००। |
| २ | २६२,२०७८/९/२१ | मोहनराज भट्ट | भलिवल प्रतियोगितामा सहभागि हुन | ५,०००। |
| ३ | ४५१,२०७८/११/१८ | हिक्मत भण्डारी | शिवरात्री रमाईलो मेला कार्यक्रम | १०,०००। |
| ५ | ५१५,२०७८/१२/१४ | नेपाल रेडक्रस सोसाईटी कंचनपुर | रक्त संचारका लागि | १,००,०००। |
| जम्मा | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **वढी ग्रेड भुक्तानी -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले अधिकृत दशौं विष्णु दत्त भट्टको तलव भत्ता भुक्तानी गर्दा तलवि प्रतिवेनमा पारित भए भन्दा वढी संख्यामा ग्रेड वापतको रकम भुक्तानी गरेको पाईयो । पर्व खर्च भुक्तानी गर्दा वढी भएको रु.३,२९२।र श्रावण देखी जेठ सम्म वढी भएको ग्रेड संख्या ११ को रु.१,६४६।का दरले रु १८,१०६।गरी जम्मा रु.२१,३९८।असुल गरि दाखिला गर्नु पर्ने रु. | २१,३९८ |
| ४२ | | | **बैठक भत्ता -** अर्थ मन्त्रालयद्धारा जारी कार्यसंचालन निर्देशिका, २०७७ को ७.१.१मा स्पस्ट विषय वस्तु कार्ययोजना तथा कार्य शर्त सहित वैठक वस्नु पर्ने र एउटै निकाय वा अन्तरगतका पदाधिकारी कर्मचारीमात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाईने व्यवस्था छ ।भत्ता भुक्तानीको विवरण परीक्षण गर्दा पालिका र अन्यत्रका ब्यक्ती स्पष्ट नखुलाई गो भौ नं २५८,२०७८/९/२० र ८१८,२०७९/३/१७ बाट विभिन्न ब्यक्तीलाई ५२७ पटकको भत्ता भुक्तानी दिएको देखियो ।यस सम्वन्धमा पालिकाका कर्मचारी मात्र सहभागी भएको बैठक र अन्य ब्यक्तिहरु समेत सहभागी भएको बैठक एकिन गरी पालिकाका कर्मचारी मात्र सहभागी भएको देखिए बैठक भत्ता असुल गर्नु पर्ने रु. | ४४७,९५० |

<table>
<tr><td>४३</td><td>८३</td><td>२०७८-७-१६</td><td>प्रोत्साहन भत्ता - आयकर ऐन,२०५८ को दफा ८७ र ८८ अनुसार भुक्तानी गर्दाका वखत भुक्तानी रकममा कर गणना गरीसकेपछी मात्र खर्च लेख्नु पर्दछ ।पालिकाले विविध खर्च शिर्षकबाट तपशिलबमोजिमका स्वास्थ्यकर्मीलाई पि.सि.आर र एन्टिजेन चेक वापत रु. ५००। का दरले ५ जनालाई ३० देखि ५० दिन कार्यको रु.१,२५,०००।खर्च गरेकोमा नियमानुसार कर कट्टी नगरेको हुँदा कट्टी गर्न बाँकी कर असुल गर्नु पर्ने रु.<br><br>
<table>
<tr><td>क्र.स</td><td>नाम</td><td>रकम</td><td>कट्टी गर्नुपर्ने रकम</td></tr>
<tr><td>१</td><td>ज्योतीओझा</td><td>१५,०००।</td><td>२२५०।</td></tr>
<tr><td>२</td><td>मन्जुओझा</td><td>१५,०००।</td><td>२२५०।</td></tr>
<tr><td>३</td><td>डम्मर सिंह माल</td><td>४०,०००।</td><td>६०००।</td></tr>
<tr><td>४</td><td>निरज धानुक</td><td>४०,०००।</td><td>६०००।</td></tr>
<tr><td>५</td><td>प्रेम टमाटा</td><td>१५,०००।</td><td>२२५०।</td></tr>
<tr><td></td><td></td><td>१,२५,०००।</td><td>१८,७५०।</td></tr>
</table></td><td>१८,७५०</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>सवारी मर्मत - सवारी साधनको मर्मत गर्दा म. ले. प फारम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फारम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मोटर साईकल,स्कुटर,गाडी, ट्याक्टरलगायतका सवारी साधन मर्मत गरी रु.२०,००,०००।खर्च गरेको छ ।खर्च लेख्दा पटक पटक सवारी साधन मर्मत गरिएको विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो । कुनै सवारी साधन मर्मत गर्दा मर्मत आदेश स्वीकृत गरेपनी अधिकाँश सवारी साधन मर्मत गर्दा मर्मत आदेश स्वीकृत गरेको पाईएन भने मर्मत अभिलेख पनी जनाएको छैन ।कार्यालयले मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख जनाउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>भ्रमण खर्च -</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत रु.२०,००,०००। खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको<br>• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>• अधिकांश भ्रमण आदेशहरुमा भ्रमण आदेश नं उल्लेख नगरेको र भ्रमण अभिलेखमा भ्रमण सम्बन्धी आबश्यक व्यहोरा अभिलेखमा नजनाएको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्था देखियो । स्पष्ट प्रयोजन र उदेश्य खुलाई भ्रमण आदेश जारी गर्ने र सोको अभिलेख राखी भ्रमण खर्चको कार्यालय प्रयोजनमा उच्चतम सदुपयोग गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>४६</td>
<td></td>
<td></td>
<td>भ्रमण तथा अवलोकन खर्च - भ्रमण खर्च नियमावली ,२०६४ र सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा भ्रमण आदेश स्वीकृत गरी भ्रमणमा जाँदा पाउने भ्रमण खर्चका दर तोकेको छ । पालिकाले तपसिलमा उल्लेखित कार्यक्रममा भ्रमण आदेश स्वीकृत गरी भ्रमण तथा अवलोकनमा जाँदा तोकिएको दरमा नभई पेश गरेका विल भरपाईका आधारमा भुक्तानी गरेको छ । ऐन र नियमावलीले व्यवस्था गरेभन्दा फरक मापदण्ड तथा दरले खर्च गर्नु मनासिव देखिएन । यस्तो कार्यमा सुधार गरी पालिकाले ऐन नियमको पालना गरी खर्चमा मितव्ययीता अपनाउनु पर्दछ ।
<table>
<tr><th>क्रस</th><th>गोभौनं र मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>कार्यक्रमको नाम</th><th>भ्रमण स्थान</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२४८,२०७८/९/१९</td><td>प्रकाशचन्द्र कलौनी</td><td>जनप्रतिनिधि अवलोकन भ्रमण</td><td>पोखरा ईलाम जनकपुर</td><td>२,८३,३२२।</td></tr>
</table></td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २४९,२०७८/९/१९ | प्रकाशचन्द्र कलौनी | जनप्रतिनिधि अवलोकन भ्रमण | पोखरा ईलाम जनकपुर | २,९३,९४८। |
| ३ | २५०,२०७८/९/२० | पुरन वहादर चौधरी | उन्नत जातका पशुपन्छी अवलोकन अध्यन | मुक्तीनाथ जोमसोम | २,५०,०००। |
| जम्मा | | | | | ८,२७,२७०। |

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **पदाधिकारी ईन्धन -** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा चार पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम १७० लि, उपप्रमुखलाई अधिकतम १५० ली र वडा अध्यक्षहरुलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लि मासिक ईन्धन उपलब्ध गराउने प्रयोजनका लागि वर्षभरीमा पदाधिकारी ईन्धन शिर्षबाट रु.२८,७०,४८५। खर्च लेखेको छ । ऐनले व्यवस्था गरेबमोजिम एक वर्षमा ईन्धन सुविधा प्राप्त गर्ने प्रमुखको सुविधा २०४० लिटर, उपप्रमुखलाई सवारी साधन उपलब्ध नभएको हुँदा मासिक रु.१०,०००। का दरले यातायात खर्च दिएकोले ईन्धन सुविधा दिन नमिल्ने र वडा अध्यक्षहरुले प्राप्त गर्ने २७०० लिटर गरी जम्मा ४७४० लिटर दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारी ईन्धनमा गरेको खर्च रु २८,७०,४८५। मा कसले कति लिटरको सुविधा प्राप्त गरेको सम्बन्धमा यकिन हुन सक्दैन । यस सम्बन्धमा प्रमुख ज्यूले प्रयोग गर्ने सवारी साधन कार्यालय प्रयोजनमा अन्य कर्मचारीहरुले पनि प्रयोग गरेकोले बढी खर्च देखिएको भनाई कार्यालयलको रहे पनि सो अनुसार लगबुक अद्यावधिक गरेको पाइएन । लगबुक अद्यावधिक नगरी पाउने सुविधा भन्दा बढी हुने गरी इन्धन खर्च लेख्ने कार्य नियन्त्रण हुनुपर्दछ । | |
| ४८ | | | **प्रतिवेदन तयार -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (७) तलिम सेमिनार ,गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङ्ख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सेमिनार ,गोष्ठी ,कार्यशाला र तालिमहरुको भुक्तानी दिँदा तालिमबाट लाभान्वित व्यक्तीको संख्या ,खरिद गरिएका मालसामान र विषय वस्तुको वारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था भए अनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुल्ने गरी प्रतिवेदन तयार | |

<table>
<tr><td></td><td></td><td></td><td>गरी स्विकृत गराउनु पर्दछ । पालिकाले संचालन गरेका तालिम ,गोष्ठी तथा अभिमुखिकरणका केही उदाहरणहरु निम्नानुसार छन् ।<br><table>
<tr><th>क्रस</th><th>गोभौ नं र मिति</th><th>तालिमको नाम</th><th>भुक्तानी लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>८१६।२०७९/३/०७</td><td>३महिने सिलाई कटाई तालिम</td><td>पदम सिंह ठगुन्ना</td><td>१,५०,०००।</td></tr>
<tr><td>२</td><td>८१७।२०७९/३/०७</td><td>महिलाहरुलाई सिलाईकटाई तालिम</td><td>महिलाहरुलाई सिलाईकटाई तालिमउस</td><td>२,५०,०००।</td></tr>
<tr><td>३</td><td>८७०।२०७९/३/१६</td><td>जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम</td><td>कृणा चौधरी</td><td>९९७००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४,९९,७००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td>८७०</td><td>२०७९-३-१६</td><td>तालिमको अनुगमन - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन , २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले संचालन गरेका जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिममा अनुगमन वापत रु.२५,६७०।खर्च लेखेको छ । यस सम्वन्धमा अर्थ मन्त्रालयले जारी गरेको कार्यसंचालन निर्देशिकाले सवै प्रकारका तालिम, गोष्ठी ,सेमिनार संचालन सम्वन्धी खर्चको मापदण्ड तोकेको छ । जसमा तालिमको अनुगमन वापतको रकम भुक्तानी पाउने व्यवस्था रहेको पाईदैन ।निर्देशिकाले व्यवस्था गरे भन्दा बाहेक तालिमको अनुगमन वापत रकम भुक्तानी लिनु मनासिव देखिदैन । यस्तो कार्यलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td>८६६</td><td>२०७९-३-१५</td><td>जनतासँग मिडीया - शुक्लफाँटा मिडिया प्रा.ली र पालिका बिच २०७८/१२/१४ मा भएको सम्झौता अनुसार भुक्तानी गर्नु पुर्व उत्पादन गरिएको रेडीयो सामाग्री पेनड्राईभ उपलब्ध गराई त्यस्तो सामाग्री नगरपालिकाले आफ्नो सम्पतीको रुपमा ग्रहण गर्नु पर्ने उल्लेख छ।पालिकाले शुक्लफाँटा मिडिया प्रा.ली को निवेदन र बिलका आधारमा मात्र रु.३,६१,६००।भुक्तानी गर्दा रेडीयो सामाग्री सम्वन्धी पेनड्राईभ उपलब्ध गरि पालिकाको नाममा दाखिला नगरी</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>भुक्तानी दिनु मनासिव देखिएन । उत्पादन गरिएको रेडीयो सामाग्री पेनड्राईभ उपलब्ध गराउन लगाई आफ्नो सम्पतीको रुपमा ग्रहण गर्ने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td>८२४</td><td>२०७९-३-८</td><td>ह्युम पाईप - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायाले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।४ नं वडा कार्यालयले दिएको सिफारिसमा टोल वस्तीमा मागको आधारमा उल्लेख गरी विशाल ह्युम पाईप उद्योगबाट ह्युम पाईप खरिद गरी रु २,९०,०००। खर्च लेखेको छ । खरिद गरिएका ह्युम पाईप प्रयोग भए वा भएनन माग गरेका व्यक्तीले पाए /पाएनन र ह्युम पाईपको प्रयोगको अवस्था आदि खुल्ने प्रमाण कागजात नरहेको हुँदा पाइपको उपयोग सम्वन्धमा एकिन हुन सकिएन । यसरी खरिद गरि वितरण भएका ह्युम पाईप जडानको अबस्था सुनिश्चिता एकिन गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अनुगमन भत्ता - सुदुरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारीले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ। पालिकाले तपसिल बमोजिमको अनुगमन भत्ता वापत खर्च लेखेको छ। ऐनमा उल्लेखित बाहेकको सुविधा बापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.
<table>
<tr><th>क्र.स</th><th>गो भौ नं मिति</th><th>नाम</th><th>पद</th><th>रकम</th></tr>
<tr><td>१</td><td>स्वास्थ्य चालु ४४,२०७८/१२/२१</td><td>कर्ण वहादुर हमाल</td><td>नगर प्रमुख</td><td>५१००।</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य चालु ४४,२०७८/१२/२१</td><td>रमिता राना वडायक</td><td>नगर उप प्रमुख</td><td>५१००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०,२००।</td></tr>
</table></td><td>१०,२००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>नर्म्स भन्दा बढी भुक्तानी- अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट सञ्चालीत तालिम तथा गोष्ठीमा उपस्थित सहभागीलाई यातायात खर्च दिँदा २ दिन सम्मको लागि एकमुष्ट रु.२००। र २ दिन भन्दा वढीकोमा एकमुष्ट रु.५००।दिन सकिने उल्लेख</td><td>८०,१००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>छ। नगरपालिकाले तपसिल बमोजिमको कार्यक्रममा सहभागीलाई यातायात खर्च दिँदा नर्म्स भन्दा वढी भुक्तानी दिनु नियमसंगत देखिएन रु.<br><br>
<table>
<tr><th>क्रस</th><th>गो.भौनंर मिति</th><th>कार्यक्रमको नाम</th><th>सहभागी सख्या</th><th>वढी भुक्तानी दर</th><th>वढी भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२००,२०७८/८/२७</td><td>अपाङ्ग दिवस</td><td>६४</td><td>३००</td><td>१९,२००।</td></tr>
<tr><td>२</td><td>३६४,२०७८/११/१५</td><td>कानुनी साक्षरता विषय तालिम</td><td>३४</td><td>७००</td><td>२३,८००।</td></tr>
<tr><td>३</td><td>८३९,२०७९/३/१२</td><td>कानुन तथा निति निर्माण सम्वन्धी प्रशिक्षण कार्यक्रम</td><td>५७</td><td>३००</td><td>१७,१००।</td></tr>
<tr><td>४</td><td>८७०,२०७९/३/१६</td><td>जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम</td><td>२०</td><td>१०००</td><td>२०,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७५</td><td></td><td>८०,१००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>विल भरपाई - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । यस पालिकालेजनप्रतिनिधि तथा कर्मचारी भ्रमण तथा अवलोकन कार्यक्रमबाट भुक्तानी गर्दा आबश्यक सबै विल भरपाई बेगर नै र तल उल्लेखित व्यहोरा अनुसार पाउनेभन्दा बढी हुने गरी भत्ता भुक्तानी गरेको हुँदा सम्वन्धित व्यक्तीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.३४,७५०।<br><br>
<table>
<tr><th>क्र.स</th><th>गोभौ नं र मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>विल ,भरपाईअपुग</th><th>नपाउने भत्ता</th><th>असुल रकम</th><th>कैफियत</th></tr>
</table></td><td>३४,७५०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>२४९,२०७८/९/१९</td><td>प्रकाशचन्द्र कलौनी</td><td>२,०००।</td><td>६,८००।</td><td>८,८००।</td><td>मसलन्ध सामानको विल अपुग</td></tr>
<tr><td>२</td><td>२५०,२०७८/९/२०</td><td>पुरन वहादर चौधरी</td><td>२०,०००।</td><td>५,९५०।</td><td>२५,९५०।</td><td>जिपको सम्झौता व्लुबुक लाईसेन्स नरहेको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२२,०००।</td><td>१२,७५०।</td><td>३४,७५०।</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td>१२</td><td>२०७८-८-६</td><td>विद्यालयको लेखापरीक्षण - नगरपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। नगरपालिकाले विद्यालयको आ.व. २०७८।७९ को लेखापरीक्षण खर्च वापत ३४ विद्यालयलाई रु.४,०५,०००। निकासा दिएकोमध्ये ३३ विद्यालयले लेखापरीक्षण गरी प्रतिवेदन वुझाएको देखिन्छ। समयमै सम्पूर्ण विद्यालयको लेखापरीक्षण प्रतिबेदन प्राप्त गरी देखिएका व्यहोरा उपर आवश्यक कारवाही गर्ने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>विद्यालयको अनुगमन नियमन - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार नगरेको अनुगमन नियमन प्रभावकारी हुन सकेको छैन । जसवाट विद्यालयले प्रदान गरेको शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन भएको छ भन्ने अबस्था नरहेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>निजी विद्यालय अनुगमन कार्यबिधि - पालिकाकाले बिद्यालय अनुगमन मुल्याँङ्कनका लागि कार्यबिधि तयार गर्नु पर्दछ ।सो बेगर निजी बिद्यालयको शुल्क निर्धारण लगायतका विषयमा प्रभाबकारी अनुगमन मुल्याँङ्कन हुन सकेको छैन । निजी विद्यालयको समग्र व्यहोरा लगायतका बिषयमा अनुगमन मुल्याँङ्कन कार्यबिधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>शैक्षिक गुणस्तर</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। | |
| ५९ | | | **उत्कृष्ट विद्यालयलाई अनुदान** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को सि.नं. ९.३ अनुसार यस प्रकारको अनुदान उपलब्ध गराउँदा परिक्षा नतिजा, विद्यालय छाड्ने दोहोर्याउने दर, विद्यालय वाहिरका वालबालिकाको अवस्था आदि समेटी १०० अंकको पुर्णाङ्क निर्धारण गरी सोही आधारमा विद्यालयले पेश गरेको प्रस्तावनाको आधारमा उत्कृष्ट ठहरिने विद्यालयलाई छनौट गरी एउटा विद्यालयलाई एकमुष्ट रू.२ लाख उपलब्ध गराउने र सोही प्रस्तावना अनुसारको प्रगति प्रतिवेदन विद्यालयले नियमित रूपमा स्थानीय निकाय र केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उत्कृष्ट ठहर्याएको नन्द मा.वि. देखतभुली लाई रकम निकासा गरेको छ। तर निर्देशिकाले तोके अनुसार उपलव्ध गराएको रकमको उपयोग सम्बन्धमा अनुगमन गरी प्रगति प्रतिवेदन पेश भएको छैन। निर्देशिकाकाले तोके अनुसार प्रगति प्रतिबेदन तयार गरी पेश गर्ने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६० | | | **शिक्षक तलव** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिरका ३ जना शिक्षकलाई मार्सिक रु.६,०००।का दरले पर्व खर्च सहित | २३४,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | रु.२३४,०००।वित्तिय समानिकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाईयो। । उल्लेखित व्यवस्था अनुसार तलब भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु. | |
| ६१ | | | **यातायात खर्च** - अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद नं. ७.१.१५ अनुसार सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागीलाई यातायात खर्च दिँदा सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुई दिनसम्मको लागि एकमुष्ट रू.२००। र सो भन्दा वढी जतिसुकै दिन भए पनि रू.५००। एकमुष्ट पाउने व्यवस्था छ। पालिकावाट सञ्चालन भएका निम्न कार्यक्रममा निम्न सहभागिलाई नर्म्स भन्दा बढी हुने गरी कुल रू.३५,७००। भुक्तानी गरेकोले कार्यक्रममा निर्देशिका विपरित खर्च गरेको रकम अनियमित देखिएको रू. | ३५,७०० |

| **क्र.सं.** | **गो.भौ.नं. र मिति** | **कार्यक्रम** | **सहभागि** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी भएको** | **वढी भुक्तानी रू** |
|---|---|---|---|---|---|---|
| १ | १७६-२०७९।३।१९ | साक्षर नगरपालिका घोषणा कार्यक्रम | ५१ जना | १०,२००। | २५,५००। | १५,३००। |
| २ | ११८-२०७९।२।३० | निर्वाचित जनप्रतिनिधिहरूलाई अभिमुखिकरण कार्यक्रम | ३४ जना | ६,८००। | १७,०००। | १०,२००। |
| शिक्षा चालु | | | | | | |
| ३ | १५-२०७९।१।६ | शिक्षा योजना निर्माण सम्बन्धमा अभिमुखिकरण कार्यक्रम | १२ जना | २,४००। | ६,०००। | ३,६००। |
| ४ | ३६-२०७९।३।२४ | IEMIS २०७९ को अभिमुखिकरण का लागी सञ्चालित तालिम | २२ | ४,४००। | ११,०००। | ६,६००। |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>३५,७००।</td></tr></table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>विद्यालय भवन निर्माण - यस पालिका अन्तर्गतका तोकिएका विद्यालयमा ३ कोठे भवन र २ कोठे पक्की शौचालय निर्माणका लागि बिल्ड अन नेपालनामको गैर सरकारी संस्थासँगको साझेदारीमा कार्य गर्ने गरि सम्झौता भएको देखिन्छ । उक्त संस्थासँग भएको सम्झौतामा लागिबिल्ड अन नेपालले ३ कोठे पक्की भवन तथा दुई कोठे पक्की शौचालयको लागि लाग्ने सामाग्रीहरु (जो स्थानीय स्तरमा उपलब्ध हुँदैन र खरीद गर्नु पर्ने सामाग्रीहरु मात्र), इट्टा, सिमेन्ट, डण्डी वा सरियाकिलाकांटा, चुना, रंगरोगन, प्लास्टिक, फलामे झ्याल, छत ढलानको सामाग्री, काठको ढोका बनाउन मिस्त्री उपलब्ध गराउने उल्लेख छ । उक्त सम्झौतामा विद्यालय/समुदायले निर्माणको लागि पूर्णरुपमा श्रमदान गर्नुपर्ने उल्लेख छ ।सो बाहेक नगरपालिकाले निर्माण कार्यमा लाग्ने स्थानीय सामाग्री वालूवा, गिट्टी, ढुंगा, काठ तथा अन्य सामान बापतको रकम उपलब्ध गराउने उल्लेख छ ।सम्झौता अनुसार निर्माण सम्पन्न भए पछि स्थानीय निर्माण सामाग्रीकोमात्र छुटै लागत अनुमान तयार गरि उक्त सामाग्रीको रकममात्र पालिकाले भुक्तानि गर्ने र भवन निर्माण सम्पन्न प्रतिवेदन नगरपालिकालाई बुझाउनु पर्ने उल्लेख छ । उक्त निर्माण कार्यको सम्झौतामा नगरपालिकाले रु.११,७९,८६६। मात्र भुक्तानि गर्ने उल्लेख भए पनि समुदाय र उक्त संस्थाको योगदान रकम उल्लेख छैन । श्रेस्ता परिक्षणका क्रममा उक्त कार्यको नापी किताबमा उल्लेखित सम्पूर्ण कार्यको रकम सम्झौता उल्लेख भए बमोजिम रकममा नबढ्ने गरि छनौट भएका विद्यालयलाई निम्म बमोजिमको भुक्तानि दिएको देखिन्छ ।यस्ता निर्माण कार्य गर्दा सबैको लागत सहभागिता रकम र कार्य सम्पन्न पश्चात भएको लागत सहभागिता देखिने गरी कार्य स्वीकार/सम्पन्न प्रतिबेदन तयार गर्ने व्यबस्था हुनुपर्दछ ।<br><br><table>
<tr><th>क्र.सं.</th><th>भौ.नं/मिति</th><th>विद्यालयको नाम</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>1</td><td>२८।०७८/९/१७</td><td>जनजागृति आ.वि.</td><td>१००००००।</td></tr>
<tr><td>2</td><td>४८१।०७९/३/२१</td><td>श्री जनशक्ति आ.वि</td><td>८०००००।</td></tr>
<tr><td>3</td><td>४०७।०७९/३/१३</td><td>श्री जनज्योती आ.वि. सुन्दरिफाटा</td><td>८०००००।</td></tr>
<tr><td>4</td><td>२८२।०७९/२/२३</td><td>श्री सृजना आ.वि.</td><td>२०००००।</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| 5 | ८७।०७८/१२/१३ | श्री सृजना आ.वि. | ६०००००। |
| **जम्मा** | | | **३४,००,०००।** |

६३

**अन्य कार्यालयको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार खर्च गरी गरेको मनासिब देखिएन । पालिकाले खर्च गर्दा पूँजीगत निर्माण गर्ने सडक, सिँचाई तथा खानेपानी निर्माण जस्ता र रोजगारी सृजना गरी पालिकाका बासिन्दाको आर्थिक स्तर बृद्धि गर्न सहयोग पुर्‍याउने प्रकृतिका कार्य गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ ।

| **क स** | **कार्यलय वा संस्थाको नाम** | **कामको प्रकृतिको** | **भुक्तानी रकम** |
|---|---|---|---|
| 1 | पूर्व सैनीक प्रहरी हकहित संरक्षण समिति | फर्निचर खरिद | १०००००। |
| 2 | निड्स नेपाल | गोदाम घर निर्माण | २५०००० । |
| 3 | कलुवापुर सामुदायिक वन | घेरवार | २९९५६४ । |
| 4 | मनमोहन स्मृति प्रतिष्ठान | भवन निर्माण | १०००००। |
| 5 | भलमन्सा बडघर | व्यवस्थापन | १९९७४९ । |
| 6 | पौरखि कृषि सहकारी संस्था | भवन निर्माण | ४९६२४१ । |
| 7 | योगाश्रम | हल निर्माण | ४९९८९५ । |
| 8 | स्काई युवा क्लब | भवन निर्माण | १४९९३१ । |

| | | | |
|---|---|---|---|
| 9 | श्री ग्वासी समैजी शान्ति योगाश्रम | योगहल निर्माण | ४९९६०० । |
| 10 | नेपाल पत्रकार महासंध | भवन निर्माण | १००००० । |
| 11 | वेलकुंडी कृषि संजाल | भवन निर्माण | ३४९६१५ । |
| 12 | साना किसान सहकारी संस्था | भवन निर्माण | ४९७८१४ । |
| 13 | उदय सरस्वती क्याम्पस | फर्निचर खरिद | ४००००० । |
| 14 | कृष्ण एकता बहुउदेश्यीय सहकारी संस्था | भवन निर्माण | ४९८७७६ । |
| 15 | कन्चन बहुमुखि क्याम्पस | पर्खाल निर्माण | ७३५६०६ । |
| 16 | वनदेवी मन्दिर | धर्मशाला निर्माण | ९९९५०० । |
| 17 | पूर्व प्रहरी संगठन | भवन निर्माण | ४९६८२६ । |
| 18 | राधास्वामी सत्संग | टायल विछ्याउने | ४८४६२८ । |
| 19 | वडा नं ८ शिव मन्दिर | सभाहल | १२८३७०५ । |
| 20 | वडा नं ९ शिव दुर्गा मन्दिर | सभाहल | ४९५८९६ । |
| **जम्मा नगरपालिका पूँजीगत** | | | **८९,३७,३४६।** |

| | | | | |
|---|---|---|---|---|
| ६४ | ४९३ | २०७९-३-२ | **लागत अनुमानमा नभएको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३क) मा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि खुलाई उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने उल्लेख छ । श्री ग्वासी समैजी धार्मीक पर्यटकीय धाम संवर्द्धन कार्यका लागि उपभोक्ता समिति गठन भई कार्य सम्पन्न पश्चात भुक्तानी समेत भएको देखिन्छ | ४२,२२४ |

<table>
<tr><td></td><td></td><td></td><td>। उक्त कार्यको भुक्तानी गर्दा लागत अनुमानमा समावेश नभएको विद्युतीय कार्य बापत रु.४२,२२४। समेत भुक्तानि भएको पाइयो । सम्झौतामा समावेश नभएको कार्य बापत भुक्तानि भएको रकम मनासिब देखिएन रु. ४२,२२४।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सहकारीको भवन निर्माण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ख) मा सहकारी संस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने र सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन समेत स्थानीय तहले गर्ने उल्लेख छ ।उक्त दफा बमोजिम पालिकाले सहकारी संस्था सम्बन्धी कुनै कानून तथा मापदण्ड तयार नगरि निम्न सहकारी संस्थालाई भवन संरचना निर्माणका लागि अनुदान रकम उपलब्ध गराएको छ । पालिकामा हालसम्म कुनै पनि सहकारी दर्ता नभएको र पालिकाले सहकारी सम्बन्धी कानून समेत नबाएको अवस्थामा सहकारीलाई भवन लगायतका संरचना निर्माणका दिएको रकम सहि सदुपयोग भए नभएको यकिन नहुने देखिन्छ । कानून बनाएर अनुदान दिने र अनुदानको सदुपयोग भए नभएको अनुगमन समेत गर्नुपर्ने देखिन्छ ।<br><br>
<table>
<tr><th>सहकारीको नाम</th><th>प्रयोजन</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>पौरखि कृषि सहकारी संस्था</td><td>भवन निर्माण</td><td>४९६२४१ ।</td></tr>
<tr><td>साना किसान सहकारी संस्था</td><td>भवन निर्माण</td><td>४९७८१४ ।</td></tr>
<tr><td>कृष्ण एकता बहुउदेश्यीय सहकारी संस्था</td><td>भवन निर्माण</td><td>४९८७७६ ।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४९२८३१।</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>थप प्रमाण नभएको - उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६७ | | | **कार्यक्रम संञ्चालन -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९.(७) मा कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने नियम ३९.(८) मा उपनियम(७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विबरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संङ्ख्या र उपस्थितिसमेत समाबेश गरी प्रतिबेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यबस्था भए पनि सो अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्ने गरे पनि कार्यक्रम समाप्ति पश्चात प्रतिबेदन तयार गरी स्वीकृत गरेको पाइएन । यस्तो अबस्था गरिएको सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको बिश्वसनियता र प्रभाबकारीता न्युन हुन जाने हुँदा तोकिएको प्रकृया पुरा गरेर मात्र तालिम कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ । | |
| ६८ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्र्इङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ ।सो बाहेक तल तालिकामा उल्लेखित व्यहोराको कामका लागि समेत काम सम्पन्न भएको कुनै प्रमाण कागजात पेश नभएको अबस्थामा बिद्यालयको खाता रोक्का समेत गरी देहायका विद्यालयलाई रु.३,०१,५०,०००।लाख निकासा भएको छ । तर विद्यालय निर्माण तथा तोकिएका अन्य कामसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात एबं तोकिएको काममा उपयोगत भएको कार्य सम्पन्न प्रतिवेदनलगायतका कागजात पेश गर्नुपर्ने रु.<br><br>क्र.सं. \| बिद्यालय \| वापत \| रकम | ३१,६५०,० ०० |

| | | | |
|---|---|---|---|
| | गो.भौ./३८/०७९।३।२२ बाट | | |
| १ | कृष्ण मा बि कृष्णपुर | भौतिक पूर्वाधार निर्माणको निकासा (रोक्का राखेको) | १८,००,०००। |
| २ | राष्ट्रिय मा पहरिया | भौतिक पूर्वाधार निर्माणको निकासा(रोक्का राखेको) | ३६,००,०००। |
| ३ | महाकाली मा बि बसन्तपुर | शिक्षक प्रोत्साहन अनुदान, बिद्यालय भौतिक निर्माण अनुदान, शैक्षिक व्यबस्थापकीय योजना कार्यान्वयन अनुदान(रु.१,५०,०००। बाहेक रोक्का) | १,०१,५०,०००। |
| ४ | कालिका मा बि बण्ड | भौतिक पूर्वाधार निर्माणको निकासा(रोक्का राखेको) | ३६,००,०००। |
| ५ | बनदेबी आ बि सुदर्शनपुर | भौतिक पूर्वाधार निर्माणको निकासा(रोक्का राखेको) | १८,००,०००। |
| ६ | बैजनाथ आ बि भेटघाट | भौतिक पूर्वाधार निर्माणको निकासा(रोक्का राखेको) | १८,००,०००। |
| ७ | श्री पंचाधीन मा बि राजघाट | भौतिक पूर्वाधार निर्माणको निकासा(रोक्का राखेको) | ३६,००,०००। |
| ८ | जनजागृति आ बि दयापुर | आई सी टी व्यबस्थापन | १,५०,०००। |
| ९ | राष्ट्रिय मा बि कलुवापुर | आई सी टी व्यबस्थापन | १,५०,०००। |

| गो.भौ.२२/०७९।२।२४ बाट र संघीय सरकार हस्तान्तरित (चालू) गो.भौ.१०९/०७९।२।२४ बाट रु.३५,००,०००। समेत | | | |
|---|---|---|---|
| १० | महाकाली मा बि बसन्तपुर | आई सी टी व्यबस्थापन | ५,००,०००। |
| ११ | जनजागृति आ बि दयापुर | आई सी टी व्यबस्थापन | ५,००,०००। |
| १२ | राष्ट्रिय मा बि कलुवापुर | आई सी टी व्यबस्थापन | ५,००,०००। |
| १३ | कृष्ण मा बि कृष्णपुर | शैक्षिक सुदृढीकरण कार्यक्रम | ५,००,०००। |
| १४ | राष्ट्रिय मा बि पहरिया | शैक्षिक सुदृढीकरण कार्यक्रम | ५,००,०००। |
| १५ | उदय मा बि बंक | शैक्षिक सुदृढीकरण कार्यक्रम | ५,००,०००। |
| १६ | जनजागृति आ बि दयापुर | शैक्षिक सुदृढीकरण कार्यक्रम | ५,००,०००। |
| १७ | वीणा मा बि रैकवार बिचवा | शैक्षिक सुदृढीकरण कार्यक्रम | ५,००,०००। |
| १८ | श्री पंञ्चाधीन मा बि राजघाट | शैक्षिक सुदृढीकरण कार्यक्रम | ५,००,०००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९</td><td>राष्ट्रिय मा बि कलुवापुर</td><td>शैक्षिक सुदृढीकरण कार्यक्रम</td><td>५,००,०००।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३,१६,५०,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td>७</td><td>२०७८-१०-५</td><td>नागरिक आवास कार्यक्रम - सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ को बुँदा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात बुँदा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई र प्रमाण र कागजात सम्लग्न हुनुपर्ने नियम ३९(१०) बमोजिम भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । तर यस पालिकाले सुरक्षित नागरिक आवासको पहिलो किस्ता बापत १९६ जनाको खातामा रु.३०,०००। का दरले कुल रु.५८,८०,०००। पठाई पेश्की समेत नजनाई अर्थात खर्च पुष्टी गर्ने विल, भरपाई र प्रमाण र कागजात सम्लग्न नरहेको अबस्थामा रित पुगे नपुगेको जाँच नै नगरी बजेट खर्च लेखेको देखियो । यसरी बजेट खर्च लेख्न मिल्ने नदेखिएकोले खर्च पुष्टी गर्ने विल, भरपाई र प्रमाण र कागजात पेश हुनुपर्ने रु.</td><td>५,८८०,०००</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>परामर्श सेवा खरिद -</td><td></td></tr>
<tr><td>७०.१</td><td></td><td></td><td>पालिकाको कार्यालयले यस आर्थिक बर्षमा निम्न कार्यका लागि निम्न अनुसार परामर्शदाता फर्मबाट प्राबिधिक तथा आर्थिक प्रस्ताब माग गरी उच्च अंक पाएको फर्मसँग सम्झौता गरी परामर्शको काम सम्पन्न भएको जनाएको छ ।
<table>
<tr><th>क्र. सं.</th><th>योजनाकोनाम</th><th>सम्झौता रकम रु.</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>डि जि पिएस सर्भेको माध्यमबाट ग्राउण्ड कन्ट्रोल पोइन्ट राख्ने काम</td><td>१९,७९,९८६।</td><td>१८,६१,१८६।८४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>भूमिव्यवस्थापनका लागि जि पि एस पोइन्ट राख्ने कार्य</td><td>२,१९,९९६।</td><td>२,१२,४०३।३</td></tr>
<tr><td>३</td><td>नदिजन्यपदार्थको उत्खनन् सम्बन्धि आइ इ इ गर्ने काम</td><td>९,९२,१४०।</td><td>९,९२,१४०।</td></tr>
<tr><td>४</td><td>ओदालखोलामा पुल निर्माणका लागि डि पि आर</td><td>१४,८८,२१०।</td><td>१४,८८,२१०।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४६,८०,३३२।</td><td>४५,५३,९४०।१४</td></tr>
</table>
उक्त परामर्श सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमामात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिसमेत उपयोग गरी काम गराउन सकिने नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरी बाहय परामर्शदातासँग खरिद सम्झौता गरी परामर्श सेवा खरिद गर्दा यो बर्ष पालिकालाई रु.४५,५३,९४०।१४थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन नसक्ने सुनिश्चित भए मात्र बाहय जनशक्ति प्रयोग गरेर काम गराउने व्यबस्था हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७०.२</td><td></td><td></td><td>परामर्शसेवा लिइ प्रतिबेदन प्राप्त भए पछि कार्यालयको आबश्यकता अनुसार काम सम्पन्न भएको छ छैन जाँच गरी उपयुक्त देखिए प्राप्त प्रतिबेदन सम्पत्तिको रुपमा अभिलेखमा राख्नु पर्नेमा नराखेको, सम्झौता अनुसार तयार गरेको प्रतिबेदन कार्यालयमा जिम्मेवार व्यक्तिहरु समक्ष डी पी आरका मुख्य व्यहोरा समाबेश गरी प्रस्तुतीकरण गरेको नदेखिएको, प्रस्ताब पेश गर्दा काममा खटिने सबै परामर्शदाताको योग्यता र अनुभब सहितको नामावली पेश गरेमा कामको बिश्वसनियता बढनेमा सबै व्यहोरा खुल्ने गरी पेश नगरेको, परामर्शदाताले सर्बे चरणमा फिल्डमा काम गर्दाका बिभिन्न फोटोहरु पनि समाबेश गरी सर्बे प्रतिबेदन पेश गरेमा प्रतिबेदनको बिश्वसनियता बढनेमा कुनै पनि फोटोहरु पेश गरेको नदेखिएको अबस्था छ । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७०.३</td><td></td><td></td><td>तालिकामा उल्लेखित परामर्शसेवाका लागि मिलेसम्म रु.२० लाखभन्दा बढीको लागत अनुमानका प्याकेज बनाई सार्बजनिक खरिद ऐन,२०६३ को दफा ३० बमोजिम खुल्लारुपमा राष्ट्रियस्तरको पत्रिकामा सूचना गरी काम गराएको भए प्रतिस्पर्धाको लाभ समेत प्राप्त हुन सक्नेमा क्र सं १ र २ मा उल्लेखित काम एकै प्रकार देखिए पनि रु.२० लाखभन्दा घटीका प्याकेज तयार गरी लागत अनुमान कै हाराहारीमा भुक्तानी दिएर परामर्श सेवा लिनु मितव्ययीरुपमा गरेको भन्ने अबस्था रहेन ।यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ७०.४ | | | माथी तालिकामा उल्लेखित काममा लागि परामर्श सेवा खरिद गरेकोमा क्र सं ४ मा उल्लेखित काम कार्यान्वयनमा आउने नआउने निश्चत छैन । त्यस्तै बिगत बर्षमा गराइएका काम मध्ये निम्न कामहरु अझै कार्यान्वयनमा आएका छैनन । कार्यान्वयनमा जाने सुनिश्चित भएका योजनामात्र प्राथमिकता आधारमा डी पी आर गराउने व्यबस्था हुनुपर्दछ । | |

| | आ ब २०७७।७८ मा खरिद गरिएको परामर्श सेवा | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **डी पी आरको विबरण** | **परामर्शदाता** | **लागत अनुमान** | **भुक्तानी रकम** |
| 1. | वडा नं. ९ को राजघाटमा झोलुङ्गे पुल | एम एच ईन्जीनियरिग कन्सल्टीग एण्ड कन्स्टक्सन प्रा.ली. | ७,९९,९३९।४३ | ७,९९,०००। |
| 2. | नगर यातायात गुरुयोजना | रिधान कन्सल्ट प्रा.ली. | १४,९७,२५०। | १४,९३,८६०। |
| 3. | वडा नं. २ को पुर्व पश्चिम राजमार्गसंग जोडिएका सडक | जनसेवा ई. कन्सल्टेन्सी एण्ड कन्सक्सन प्रा.ली. | ४,९९,८९४।९७ | ४,९८,८९५। |
| 4. | कृष्णपुर नगरपालिकाको पार्क निर्माण | ग्रुप फर सिभिल एण्ड आर्किटेक्चरल सर्भिस प्रा.ली | १९,९८,१२६।७९ | १९,९५,०१५। |
| 5. | खल्लागोठ जानेबाटोमा पक्कीपुल निर्माण | मल्ल ईन्जिनियरिग एसोसिएटस प्रा ली. | १९,९७,६०३।१७ | १९,९४,५७४।३० |
| 6. | मालुबेला पर्यापर्यटन पार्क निर्माण | ग्रीनतारा ईन्जिनियरिग कन्सल्टेन्सी प्रा ली | ९,९९,४९४।१५ | ९,९६,५४७। |
| 7. | खोलानालाको आइ इ इ गर्ने | साइनिङ्ग एक्सेस कन्सल्टेन्सी प्रा लि, भ पु | १०,०१,०३८। | ९,८३,१००। |

| | | | | |
|---|---|---|---|---|
| | **आ ब २०७६।७७ मा खरिद गरिएको परामर्श सेवा** | | | |
| 8. | कृषी सडक पिपरिया देखि चटकपुर जोडने सडक | श्री एम.एच. इञ्जिनीयरिङ्ग कन्सल्टिङ्ग एण्ड कन्सट्रक्सन प्रा.ली | ३९८८९०। | ३९८८९०। |
| 9. | राजघाट खेल मैदानदेखी बोराडाडी जाने बाटोमा झोलुङ्गे पुल | आइरिस ई कन्सल्ट प्रा.ली.कैलाली | २९९४५०। | २९९४५०। |
| 10. | बहु सास्कृतीक संग्रहालय (म्युजियम) निर्माण | पेसो कन्सल्टेन्स प्रा.ली., काठमाण्डौ | १००००००। | १६९१६१०। |
| 11. | ५० सैयाको नगर अस्पत्ताल निर्माण | ईञ्जिनियरिङ्ग प्रोफेसनल एण्ड प्राक्टीस कन्सल्टेन्सी प्रा.लि., | १७०००००। | १९९५५८०। |
| 12. | चिडियाघर निर्माण | मल्ल एण्ड ग्रुप ईञ्जिनियरिङ्ग एसोसिएट्स प्रा.ली. | २००००००। | १९९६४८४ |

| | | | | |
|---|---|---|---|---|
| ७१ | | | **प्रकोप व्यबस्थापन कोष** | |
| ७१.१ | ८०,८५ | २०७९-३-२२ | यस कोषमा गत बर्षको मौज्दात रु.१,०६,४७,२०८। रहेकोमा सो बाट यस बर्ष रु.७०,४४,४२३। खर्च गरी रु.३६,०२,७८५। मौज्दात रहेको छ । उक्त कोषबाट भएको खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।<br><br>घटाल वायर्स इन्डष्ट्रिज पा लि काठमाण्डौंबाट रु.९,९६,६,८२। भुक्तानी गरी २०० थान बिभिन्न प्रकारका जि आइ वायर जाली खरिद गरेको उल्लेख छ । खरिद गरिएका उक्त जाली ढुवानीका लागि पालिकाले थप रु.६८,४००।ढुवानी खर्च भुक्तानी गरेको जनाएको छ ।खरिद गरिएका उक्त परिमाणका जाली कुन ठाउमा प्रयोग गरिए खुलाएको छैन । त्यस्तै आबश्यक जाली यस पालिकाबाट काठमाण्डौंभन्दा नजिककै स्थानबाट ल्याउन सकिने | |

| | | | | |
|---|---|---|---|---|
| | | | भए पनि काठमाण्डौंबाट खरिद गर्नु पर्नाको कारण खुलाएको छैन । यस्ता सामान खरिद गर्दा सकेसम्म पालिकाबाट नजिकको स्थानबाट सहुलियत मुल्य र ढुवानी खर्चमा ल्याउने र सामान प्राप्त गरे पश्चता प्रयोग गरेको स्पष्ट स्थान खुलाई नाप जाँच गर्ने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७१.२ | ८२ | २०७९-३-२१ | पालिकाको वडा नं ४ मा १६० एम एम को ४८ मिटर एच डी पी इ पाइप रु.१,१७,६००। श्री एस के हार्डवेयरलाई भुक्तानी गरी खरिद गरेको उल्लेख छ । यसरी खरिद गरीएका पाइप कुन स्थानमा प्रयोग गरीए सो को स्पष्ट बिबरण सहित नापी किताब तयार गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । खरिद गरी जडान गरेको आबश्यक प्रमाण कागजात तयार गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ७१.३ | | | यस कार्यक्रमबाट बिभिन्न व्यक्तिलाई स्वास्थ्य उपचार, मृतु, बिभिन्न प्रकारका हानी नोक्सानी बापत राहतका लागि रकम उपलव्ध गराउने गरेको देखियो । रकम उपलव्ध गराउने सम्बन्धमा पालिकाले तयार गरेको आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यबिधि,२०७६ को पूर्ण पालना गर्दै प्राथमिकताका आधारमा बितरण गर्ने व्यबस्था गर्नुपर्दछ । | |
| ७२ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ । यस नगर<br><br>पालिकाको कोष तथा लेखा नियन्त्रक कार्यालय कन्चनपुरले निकासा दिई सोही कार्यालयबाट आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ । | |
| ७२.१ | | | महालेखा नियन्त्रक कार्यालयको प.सं.०७७/०७८, च.नं.३९, मिति २०७७/०८/२५ को पत्रानुसार मिति २०७७/०९/०७ गते भित्र जिल्ला भित्रका सबै तहका कार्यालयहरुलाई आ.व.०७६/०७७ सम्मको जिन्सी मौज्दात प्रविष्ट र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गर्ने साथै चालु आ.व. देखि PAMS बाट सरकारी सम्पत्तिको लेखांकन गर्न गराउन हुन भनी परिपत्र भएता पनि सो अनुसार गरेको पाईएन । न.पा.भित्र तथा वडा कार्यालयहरुको जिन्सी सामग्री खरिद अख्तियारी प्राप्त अधिकारीको स्वीकृती लिई खरिद समितिले निर्धारण गरे बमोजिम समय तालिका अनुसार सार्वजनिक खरीद ऐन 2063 र नियमावली 2064 अनुसार खरिद गरी PAMS मा अभिलेख जनाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | खर्च गरिनुपर्नेमा न.पा. कार्यालयले सरकारी जिन्सी व्यवस्थापन नगरी विभिन्न शाखा र वडा कार्यालयले खरिद समितिले निर्धारण गरे बमोजिम समय तालिका अनुसार सार्वजनिक खरीद ऐन 2063 र नियमावली 2064 अनुसार नगरी आवश्यकताका आधारमा भनी आफुखुशी खरिद भएको छ तर सार्वजनिक सम्पत्ति व्यस्थापन प्रणालीमा अभिलेख छैन । तसर्थ यस्ता खरिदलाई व्यवस्थित गर्न जिन्सी प्रमुखलाई जिम्मेवारी बनाई व्यवस्थित गर्न न.पा.ले विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७२.२ | २५ | २०७८-१०-९ | सु-विसु मेडिसिन सप्लायर्सलाई औषधी खरिद गरेवापत १३% मू.अ.करको स्रोतमा कट्टी हुनु पर्ने ३०% रकम भूक्तानी हुँदा मू.अ.कर रकम कट्टी नभएकोले मू.अ.कर समायोजन पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. | १,५७४.७ |
| ७२.३ | १६० | २०७९-३-१६ | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालन गरेवापत १३% मू.अ.करको स्रोतमा कट्टी हुनु पर्ने ३०% रकम भूक्तानी हुँदा मू.अ.कर रकम कट्टी नभएकोले मू.अ.कर समायोजन पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. | २९,६७९ |
| ७२.४ | १७६ | २०७८-३-१९ | साक्षर न.पा.घोषणा कार्यक्रममा ट्रेक्टर, साउण्ड सिष्टमको भाडावापत बहाल कर दाखिला हुनुपर्नेमा दाखिला नभएको रु. | ७,००० |
| ७२.५ | | | कार्यालयले हरेक वर्ष कार्यक्रम सञ्चालन गर्दा सेवाग्राही दोहोरिने, पहुँचका आधारमा छनौट हुने जस्ता विकृति हुने सम्भावना रहने भएकोले यस्ता त्रुटीहरुलाई रोक्न, कार्यालयको प्रगति विवरण चुस्त दुरुस्त बनाउन विवरण अद्यावधिक गरिनुपर्नेमा न.पा.ले गरेको छैन । न.पा. कार्यालयले कृषि, पशु, उद्यम विकास शाखाले सञ्चालन गरेका विभिन्न वार्षिक कार्यक्रमहरुबाट लाभ लिने लाभग्राहिहरुको अभलेख राखी विवरण अद्यावधिक गरिनुपर्नेमा न.पा.ले गरेको छैन । तसर्थ यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७२.६ | | | कार्यालयले प्रज्ञान दृष्टि स्मार्ट एजुकेशन प्रा.लि.बाट रु.442024/- (मू.अ.कर बाहेक)को वैकल्पिक सिकाईका लागि कक्षा १-१० सम्मका विद्यार्थीहरुको लागि मुख्य ५ वटा विषयको शिक्षण सामग्री खरिद गरी विभिन्न विद्यालयमा प्रदान गरेको देखिन्छ। उक्त सामाग्रि विद्यालयले प्रयोग गरे नगरेको सम्बन्धमा शिक्षा शाखाबाट नियमन तथा अनुगमन समेत गरेको देखिदै । खरिद गरेका सामाग्रिहरु जिन्सी दाखिला समेत गरेको छैन । खरिद गरिएका सामाग्रीहरु | ४८२,२४८.०८ |

| | | | | |
|---|---|---|---|---|
| | | | मोबाईल, ल्यापटप लगायतका विद्युतिय उपकरणमा मात्र प्रयोग गर्न सम्भव हुने भएकोले उक्त सामाग्री विद्यालयमा प्रयोग पनि भएको देखिदैन । विशेष गरी यस्ता सिकाई सामग्री कोरोना कालमा उपयूक्त हुने भएकोले हाल भौतिक उपस्थितमा कक्षा सञ्चालन रहेको अवस्थामा खरिद गरिएका शिक्षण सामग्री प्रयोगविहिन भएकोले देखिन्छ । यस्ता विद्युतीय वैकल्पिक सिकाईका साधनहरु प्रयोगमा ल्याउँदा सुचना विभागको पूर्व स्वीकृती लिनुपर्नेमा स्वीकृति लिएको देखिदैन । प्रयोगको सुनिश्चितता विना खरिद गरिएको रकम नियमसम्मत नभएको रु | |
| ७२.७ | ९४० | २०७९-३-२१ | प्रकाशचन्द्र कलौनीले कैलाली जिल्ला अदालतमा प्रतिउत्तर फिराएवापत कानुन व्यवसायी ठक्रबहादुर मल्ललाई कर कट्टी नगरी एकमुष्ट रु.25000/- भुक्तानी गरेको छ । उक्त रकम बराबरको कानुन व्यवसायीबाट जारी भएको मू.अ.कर विल जारीभएको विल पेश गर्नुपर्ने अन्यथा 15% कर असुल हुनुपर्ने रु | ३,७५० |
| ७२.८ | ८२४ | २०७९-३-८ | वडा न् ४ को लागि hume pipe खरिद हुँदा विशाल ह्युम पाइप उद्योग महेन्द्रनगरको विल अनुसार रु.२८३६७५ भुक्तानी हुनु पर्नेमा २९०००० भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल हुनु पर्ने रु. | ६,३२५ |
| ७२.९ | | | कञ्चन बहुमुखी क्याम्पस शैक्षिक सुदृढीकरण कार्यक्रम अन्तर्गतको रकम कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ अनुसार खर्च तथा निकासा दिनुपर्नेमा खर्च प्रस्ताव लगायतका प्राविधिक मूल्यांकन विल तथा कार्यसम्पन्न प्रतिवेदन वेगर निकासा गरिएको छ । यसरी प्राविधिक मूल्यांकन विल तथा कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानी गर्न नियमसंगत नदेखिएको अनियमित रु. | १,०००,००० |
| ७२.१० | | | वैकल्पिक सिकाईका लागि खरिद भएको रकमको १३% मू.अ.करको स्रोतमा कट्टी हुनु पर्ने ३०% रकम भूक्तानी हुँदा कट्टी नभएकोले मू.अ.कर समायोजन पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. | १७,२३८.९२ |
| ७२.११ | ९५४ | २०७९-३-२३ | भवेश्वर हार्डवेयर एण्ड मिल मेशिनरी सप्लायर्स लाई ठेक्काको रकम १३% मू.अ.करको स्रोतमा कट्टी हुनु पर्ने ३०% रकम भूक्तानी हुँदा मू.अ.कर रकम कट्टी नभएकोले मू.अ.कर समायोजन पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. | ३४,३९८ |
| ७३ | २६६ | २०७८-९-२१ | **विधुत महशुल जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।यस पालिकाले विधुत महशुल भुक्तानी गर्दा विल रकम रु.३,१०,४०९।मा रु. | ७३,३११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७३,३११।जरिवाना सहित रु.३,८३,७२३। भुक्तानी गरेको छ । समयमै विधुत महशुल भुक्तानी नगरी उच्च प्रतिशतमा जरिवाना सहित विधुत महशुल भुक्तानी गर्नु मनासिव देखिएन रु. | |
| ७४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगारकार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन ।<br><br>• सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरे पनी सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन ।<br>• रोजगार कार्यक्रमको लागि प्राप्त भएको पुरै बजेट रु१,४९,६२,६००। खर्च गर्न नसकेको हुँदा न्युन दिन र न्युन संख्याले प्राप्त गर्ने गरी रोजगारी सिर्जना भएको छ ।<br>• १०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी केही श्रमिकले ४५ दिन देखि ८८ दिन सम्मको रोजगारी प्राप्त गरेको पाईयो ।<br>• श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट -रु ५७७। _मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्न अनिच्क्षुक रहेको गुनासो आउने गरेको छ ।<br>• पूर्वाधार एवंम अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।<br>• ९१७ जना सुचिकृत वेरोजगारी रहेकोमा १५७ जना श्रमिकले मात्र रोजगारी प्राप्त गरेको हुँदा कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।<br><br>यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा मेस वायर जाली लगाउने, सडक मर्मत, नाली निर्माण, पोखरी निर्माण, चपरी लगाउने कार्य र कुलो सरसफाई लगायतका १५ योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष १५७ जनालाई रोजगारी उपलव्ध गराई रु.७१,२४,३९१। खर्च गरेको छ । लक्षित वर्गलाई ४५ दिनदेखि ८८ दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि | |

<table>
<tr><td></td><td></td><td></td><td>कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।यस तर्फ सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>बढी निकासा -शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम निकासा वा खर्च गर्न नहुने उल्लेख छ। पालिकाको कृष्ण मा.वि.का शिक्षक हिक्मत राज जोशी मिति २०७९।२।२३ गते अवकास भएकोमा चौथो त्रैमासिकको रकम निज शिक्षकको नाममा विद्यालयलाई तलव तथा ग्रेड गरी २०७९।२।२२ सम्मको रू. १,०५,०६४। भुक्तानी दिनुपर्नेमा रू. १,२२,९०४।८० रकम निकासा दिएकोले रू. १७,८४१। बढी निकासा भएको रकम विद्यालयबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.</td><td>१७,८४१</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>शैक्षिक अनुदान -कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान विद्यार्थी संख्या एकिन गरेको आधारमा अनुदान दिई नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट निकासा भएको देहायको अनुदानको अनुगमन तथा मुल्याङ्कन गरेको नदेखिएकोले अनुदानको उपयोग सम्बन्धमा एकिन हुने अवस्था रहेन। यसमा पालिकाको ध्यान जानुपर्दछ।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयलाई गएको अनुदान</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>शिक्षण सहयोग अनुदान</td><td>४७,४५,१२८।</td><td>८ वटा विद्यालय</td></tr>
<tr><td>२</td><td>सिकाई सुद्धिढीकरण तथा कार्यसम्पादनमा आधारित अनुदान</td><td>५३,०६,०००।</td><td>१४ वटा विद्यालय</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,००,५१,१२८।</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तीकाको पालना नभएको -नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार छात्रवृत्तीतर्फ रु. २०,४००। बढी निकासा दिएको देखियो। तसर्थ तोकिए भन्दा बढी निकाासा भएको रकम असूल गरी संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>२०,४००</td></tr>
</table>

| क्र सं. | गो.भौ./मिति | विद्यालयको नाम | कार्यक्रम | भुक्तानी हुनुपर्ने रकम रु. | भुक्तानी भएको रकम रु. | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | ६८-२०७८।१२।१६ | नन्द मा.वि. देखतभुली | छात्रा छात्रवृत्री कार्यक्रम | ८९,२००। | ९०,४००। | १,२००। |
| २ | ६८-२०७८।१२।१६ | कृष्ण मा.वि. कृष्णपुर | छात्रा तथा दलित छात्रवृत्री कार्यक्रम | ७९,२००। | ८१,२००। | २,०००। |
| ३ | ६८-२०७८।१२।१६ | कालिका मा.वी. | दलित छात्रवृत्री कार्यक्रम | १८,०००। | २०,४००। | २,४००। |
| ४ | ६८-२०७८।१२।१६ | जनउत्थान आ.वि. वंक | छात्रा छात्रवृत्री कार्यक्रम | ७१,२००। | ७३,२००। | २,०००। |
| ५ | ६८-२०७८।१२।१६ | पंञ्चाधीन मा .वि. राजघाट | छात्रा छात्रवृत्री कार्यक्रम | ६१,६००। | ७३,२००। | ११,६००। |
| ६ | ६८-२०७८।१२।१६ | जनजागृति आ. .वि. दयापुर | छात्रा छात्रवृत्री कार्यक्रम | ६१,२००। | ६२,४००। | १,२००। |
| | | | जम्मा | | | **२०,४००।** |

| | | | | |
|---|---|---|---|---|
| ७८ | | | **बढी ग्रेड भुक्तानी** - निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) मा उपत्यका भित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीलाई निजामती किताबखाना र जिल्लास्थित कार्यालयलका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गरेर मात्र तलव ग्रेड भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था | २४,९०७ |

<table>
<tr><td></td><td></td><td></td><td>छ। सोही अनुसार कार्यालयले तलबी प्रतिवेदनमा उल्लेख भए बमोजिम ग्रेड भुक्तानी गर्नुपर्नेमा आ.व. २०७८।७९ को ११ महिनामा कार्यालय सहयोगी श्री लक्ष्मी रोकाया लाई तलवी प्रतिवेदनमा पारित भएको ग्रेड रकम रु. ३,८१२। भन्दा बढी ग्रेड ५,७१८। भुक्तानी भएकोले बढी भुक्तानी भएको दशै खर्च सहित १२ महिनाको ग्रेड रकम, त्यसको १० प्रतिशतले हुने संचयकोष थप गरि कर कट्टि सहित जम्मा रू. २४,९०७। असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.</td><td></td></tr>
<tr><td>७९</td><td>२२०</td><td>२०७९-३-३१</td><td>सेनीटरी प्याड खरिद - सामुदायिक बिद्यालयका छात्राहरूलाई निशुल्क स्यानीटरी प्याड १३,८२७ थान सिलबन्दी दरभाउपत्रको माध्यमबाट श्री बि.जि. ग्रुप ट्रेड एण्ड सप्लायर्सबाट प्रति थान रू. ७१।२४ का दरले कुल रू. ९,८५,०००। (मु. अ. कर सहित) भुक्तानी गरी खरिद गरेको छ। खरिद गरेकामध्ये ७२ थान लेखापरीक्षण समय २०७९।९।१४ सम्म कार्यालयलमा मौज्दात रहेको देखियो। स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि, २०७६ बमोजिम खरिद गरेका प्याडहरू तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तरयुक्त भनि प्रमाणित गरी राखेको प्रमाण नभएको, स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिवेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख पाईएन। कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>महङ्गी भत्ता - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को परिपत्रअनुसार सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दी भित्र करारका कर्मचारीहरुलाई महङ्गी भत्ता दिने व्यवस्था नरहेकोमा कृषि तथा पशु सेवाका करारमा कार्यरत निम्न ४ जना कर्मचारीहरूलाई मासिक रू. २,०००। का दरले १२ महिनामा जम्मा मंहङ्गी भत्ता वापत रू.९६,०००। भुत्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रू.<br>
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारिकोनामरपद</th><th>महङ्गिभत्ता रु.</th></tr>
<tr><td>१</td><td>ना.प्रा.स. लक्ष्मी कुमारी भण्डारी</td><td>२४,०००।</td></tr>
<tr><td>२</td><td>ना.प्रा.स. संगिता चन्द</td><td>२४,०००।</td></tr>
<tr><td>३</td><td>ना.प्रा.स. दिल ब. चौधरी</td><td>२४,०००।</td></tr>
</table></td><td>९६,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>४</td><td>ना.प्रा.स. किरण थापा</td><td>२४,०००।</td></tr><tr><td colspan="2">जम्मा</td><td>९६,०००।</td></tr></table></td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>कृषि पकेट कार्यक्रम - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रममा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा रू. ३३,३७,८२०। खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त भएको सुनिश्चित हुने अबस्था छैन । अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी काम गरी अपेक्षित प्रतिफल प्राप्त भएको सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>वैठक भत्ता - सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुदा न. ६(६), अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद सातको ७.१.१ मा वैठक भत्ताको मापदण्ड अनुसार गठन भएका समितीहरूको वैठकका लागि मात्र भत्ता प्रदान गर्ने तथा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ। कार्यालयले गठन गरेका विषयगत समितीहरूको विभिन्न समयमा बसेका वैठकमा वैठक भत्ता दिएको देखियो। निर्देशिकाको विपरित हुनेगरि भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रू.<br><table><tr><td>क्र.सं.</td><td>गो.भौ.नं. र मिति</td><td>विवरण</td><td>खुद भत्ता रकम रू</td></tr></table></td><td>२२,४४०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१</td><td>२१०-२०७९।३।२२</td><td>पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठक, २६ जना</td><td>२२,४४०।</td></tr></table></td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>अनुगमन भत्ता - सुदुरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारीले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ। पालिकाले निम्न गो.भौ.नं. र मितिमा अनुगमन भत्ता वापत खर्च लेखेको छ। ऐनमा उल्लेखित बाहेकको सुविधा बापत भुक्तानी दिएको रकम रू. ५,९५०। सम्बन्धितबाट असुल गर्नुपर्ने रू.<br><br><table><tr><th>क्र.सं.</th><th>गो.भौ.नं. र मिति</th><th>पदाधिकारीको नाम</th><th>भ्रमणको उदेश्य</th><th>भुक्तानी रकम</th></tr><tr><td>१</td><td>१४-२०७८।८।६</td><td>श्री कर्ण बहादुर हमाल</td><td>कोभिड १९ रोग रोगथाम तथा नियन्त्रण सम्बन्धी खोप कार्यक्रमको अनुगमन गर्न</td><td>१,७००।</td></tr><tr><td>२</td><td>१४-२०७८।८।६</td><td>श्री रमिता राना</td><td>कोभिड १९ रोग रोगथाम तथा नियन्त्रण सम्बन्धी खोप कार्यक्रमको अनुगमन गर्न</td><td>१,७००।</td></tr><tr><td>३</td><td>१९६-२०७९।३।२०</td><td>श्री रमिता राना</td><td>पकेट विकास कार्यक्रमको अनुगमन गरे वापत</td><td>२,५५०।</td></tr><tr><td colspan="4">जम्मा</td><td>५,९५०।</td></tr></table></td><td>५,९५०</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपुर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ३४ | २८० | २८० | ९७ | १०५७८ | १:३७ |

८५

**शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका ३४ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री नन्द मा. वि. देखतभुली | १४ | १४ | ८०१ | १:५७ |
| २ | श्री राष्ट्रियमा. वि. पहरिया | १४ | १४ | ७२५ | १:५१ |
| ३ | श्री उदय मा. वि. बंक | १४ | १४ | ५३६ | १:३८ |
| ४ | श्री महाकाली मा. वि. वसन्तपुर | १५ | १५ | ५१६ | १:३४ |
| ५ | श्री सरस्वति मा. वि. कल्याणपुर | १२ | १२ | ३२५ | १:२७ |
| ६ | श्री ग्वासी आ. वि. मालुबेला | ७ | ७ | १७१ | १:२४ |
| ७ | श्री सिद्धनाथ आ. वि. किचाई | ४ | ४ | ८० | १:२० |

<table>
<tr><td></td><td></td><td></td><td>

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | श्री सत्यवादी आ.वि. | ३ | ३ | ४७ | १:१६ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:५७ देखि १:१६ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तक अनुदान - कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरूलाई अनुदान दिनु पर्दछ। यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरू हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नगुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था उल्लेख छ। पालिकाले पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण, विद्यार्थीको प्रमाणीत कागजात वेगर वाकी २५ प्रतिशत रकम निकासा दिएकोले पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन हुन सकिएन। निर्देशिका बमोजिम सुरूमा ७५ प्रतिशत तथा EMIS विवरणको आधारमा कागजात प्रमाणित गरि थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८७</td><td>२१३</td><td>२०७९-३-२४</td><td>सिकाई सहजिकरणका कार्यक्रम - कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकिन बिद्याथी संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत २२ वटा विद्यालयका शिक्षक कर्मचारीलाई रू. २२,७०३। दरका जम्मा रू. ४,९९,४८७। को अफलाईन डिजिटल शैक्षिक सामग्री प्रदान गरेकोमा उक्त डिजिटल साम्रगीको सहि सदुपयोग भए नभएको सम्बन्धमा शिक्षा शाखाबाट अनुगमन भएको पाईएन। पालिकाले उक्त शैक्षिक साम्रगिको सदुपयोग भए नभएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>दिवा खाजा - आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ३४ विद्यालयका लागि दिवा खाजा बापत रु.९४८४१८७। विद्यालयको खातामा रकम निकासा गर्ने गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिक युक्त खाने कुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको देखिएन, जसबाट राज्यले गरेको लगानीको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन त्यसैले पालिका र यस सँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ । | |
| ८९ | ६६ | २०७८-१२-१५ | **तालिमको अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ । पालिकाले संचालन गरेको गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रममा ४ जना अनुगमनकर्ता वापत रु.२३,८००। खर्च लेखेको छ। अर्थ मन्त्रालयले जारी गरेको कार्यसंचालन निर्देशिकाले सवै प्रकारका तालिम, गोष्ठी ,सेमिनार संचालन सम्वन्धी खर्चको मापदण्ड तोकेको छ । जसमा तालिमको अनुगमन वापतको रकम भुक्तानी पाउने व्यवस्था रहेको पाईदैन । निर्देशिकाले व्यवस्था गरे भन्दा बाहेक तालिमको अनुगमन वापत रकम भुक्तानी लिनु मनासिव देखिदैन । यस्तो कार्यलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ। | |
| ९० | | | **न्यानो झोला** - स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०७८ ले न्यानो झोला आपुर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नवशिसु कार्ययक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला कार्यक्रमबाट देहायबमोजिमका न्यानो झोला खरिद गरेको पाईयो ।पालिकाले खरिद गरेका न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए थिएनन खुल्ने प्रमाण नरहेकोले झोलाको गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन । बितरण गरीएका झोलाको उपयोग सम्बन्धमा सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| क .सं. | गो भौ नं र मिति | संख्या | दर | रकम (मू .अ कर सहित) |
|---|---|---|---|---|
| १ | १३०, २०७९/३/७ | ५००। | ८९५। | ४,४७,५००। |

| | | | | |
|---|---|---|---|---|
| ९१ | २०५ | २०७९-३-२१ | **सामुदायिक सिकाई केन्द्र** - स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको ,विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण सभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको ,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु.२ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत कृष्णपुर सामुदायिक सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अतः अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रू. | २००,००० |
| ९२ | | | **नर्म्स भन्दा बढी भुक्तानी** - अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायवाट सञ्चालीत सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा अधिकृतस्तरको तालिममा नगरपालिकामा कक्षा सञ्चालन वापत रू.६००। र कार्यपत्र वापत रू.१,०००। पारिश्रमिक पाउने उल्लेख छ। त्यसैगरि सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रू.७००। र कार्यपत्र वापत रू.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा वापत पारिश्रमिक नपाउने, कार्यपत्रकोमात्र पारिश्रमिक पाउने उल्लेख छ। यस पालिकाबाट सञ्चालन भएका निम्नाअनुसारका तालिम कार्यक्रमहरूमा तोकिएको दरभन्दा वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम रू.१८,७००। असुल गर्नुपर्ने रू. | १८,७०० |

| क्र.सं. | गो.भौ.नं र मिति | कार्यक्रमको नाम | प्रशिक्षक | सेसन | भुक्तानी हुनुपर्ने (कर कट्टि सहित) | भुक्तानी भएको (कर कट्टि सहित) | बढी भुक्तानी भएको रू |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २५-२०७९।३।१७ | पाठ्यक्रम अभिमुखिकरण कार्यक्रम | श्री बिष्णु दत्त भट्ट | ४ | ३,४००। | ६,८००। | ३,४००। |
| २ | २८-२०७९।३।१७ | पाठ्यक्रम अभिमुखिकरण कार्यक्रम | शिवसिंह भण्डारी | ४ | ३,४००। | ६,८००। | ३,४००। |
| ३ | २८-२०७९।३।१७ | पाठ्यक्रम अभिमुखिकरण कार्यक्रम | विष्णुदत्त भट्ट | ४ | ३,४००। | ६,८००। | ३,४००। |
| ४ | २८-२०७९।३।१७ | पाठ्यक्रम अभिमुखिकरण कार्यक्रम | लाल बहादुर शाही | ४ | ३,४००। | ६,८००। | ३,४००। |
| ५ | ३६-२०७९।३।२४ | IEMIS २०७९ को अभिमुखिकरण का लागी सञ्चालित तालिम | शिव सिंह भण्डारी | १ | ८५०। | १,७००। | ८५०। |
| ६ | ३६-२०७९।३।२४ | IEMIS २०७९ को अभिमुखिकरण का लागी सञ्चालित तालिम | विष्णुदत्त भट्ट | २ | १,७००। | ३,४००। | १,७००। |
| शसर्त | | | | | | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>१७६-<br>२०७९।३।१९</td><td>साक्षर नगरपालिका घोषणा कार्यक्रम</td><td>श्री शिव सिंह भण्डारी</td><td>१</td><td>८५०।</td><td>१,७००।</td><td>८५०।</td></tr>
<tr><td>८</td><td>१७६-<br>२०७९।३।१९</td><td>साक्षर नगरपालिका घोषणा कार्यक्रम</td><td>श्री विष्णुदत्त भट्ट</td><td>१</td><td>८५०।</td><td>१,७००।</td><td>८५०।</td></tr>
<tr><td>९</td><td>१७६-<br>२०७९।३।१९</td><td>साक्षर नगरपालिका घोषणा कार्यक्रम</td><td>श्री अनिता ठगुन्ना</td><td>१</td><td>८५०।</td><td>१,७००।</td><td>८५०।</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१८,७००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>
औषधी खरिद — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तर सो भन्दा वढी मुल्यको खरिद गर्दा प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यबस्थापन कोषबाट रु. ३५,०२,५२२।, शशर्त चालूबाट रु.११,८३,४२३। र नगरपालिका स्वास्थ्य चालूबाट रु.९,९७,६६०। समेत कुल रु.५६,८३,६०५। मुल्यका बिभिन्न औषधि तथा औषधीजन्य स्वास्थ्य सामान पटक पटक (एकै फर्मबाट समेत) सोझै खरिद गरेको छ । सो बाहेक रु.११,७३,३५५।मुल्यका थप मुल्यका सामान दुई ठेक्काको माध्यमबाट खरिद गरेको समेत कुल रु.६८,५६,९६०।औषधि तथा औषधीजन्य स्वास्थ्य सामान खरिद गरेको छ ।। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br><br>
• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण खरिद गरेका औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br><br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>• पालिकाद्धारा निःशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,<br><br>• म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br><br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने र प्राप्त विबरण अनुसार मुल्य नखुलेको तर म्याद नाघेका २० प्रकारका औषधीको आबश्यक व्यबस्थापन गर्ने तर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । | |
| ९४ | | | **कोभिड व्यवस्थापन** - उक्त कोषमा गत बर्ष रु.९१,०१,१०८। मौज्दात रहेकोमा यस बर्ष रु.२०,००,०००। थप भई कुल रु.१,११,०१,१०८। बाट रु.५६,१३,७३३। खर्च भई रु.५४,८७,३७५। मौज्दात रहेको देखाएको छ । उक्त कुल खर्च रकमबाट निम्न अनुसार खर्च भएको व्यहोरा बैक नगदी किताब, गोश्वारा भौचरहरु लगायतका कागजात परीक्षण गर्दा देखिएको छ ।<br><br>\| क्र सं \| बापत \| भुक्तानी पाउन \| भुक्तानी रकम \| | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td rowspan="4">औषधी तथा स्वास्थ्य सामाग्री</td><td>निमेष अस्पताल प्रा लि</td><td>१४,६४०।</td></tr>
<tr><td>२</td><td>भागेश्वरी मल्टी ट्रेड एण्ड सप्लायर्स</td><td>१२,३४,९१९।</td></tr>
<tr><td>३</td><td>श्री कृष्ण ट्रेड एण्ड सप्लायर्स</td><td>१९,४००।</td></tr>
<tr><td>४</td><td>बी जी ग्रुप ट्रेड एण्ड सप्लायर्स</td><td>२२,३३,५६२।</td></tr>
<tr><td></td><td colspan="2">औषधी तथा स्वास्थ्य सामाग्रीको कुल जम्मा रु.३५,०२,५२२।</td><td></td></tr>
<tr><td>५</td><td>पारिश्रमिक</td><td>४ जना स्वास्थ्यकर्मी र १ जना का स को श्राबणदेखि जेठ सम्मको पारिश्रमिक</td><td>२०,९६,२१२।</td></tr>
<tr><td>६</td><td>बिबिध</td><td>१ जना का स को पारिश्रमिक र अन्य</td><td>१५,०००।</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा खर्च रु.</td><td>५६,१३,७३४।</td></tr>
</table>
पालिकाले उक्त खर्चमध्ये रु.३५,०२,५२२।को औषधी तथा स्वास्थ्य सामाग्री पटक पटक सोझै अर्थात सिलबन्दी दरभाउ पत्र वा बोलपत्र बेगर नै खर्च गरेको छ ।यस्तो प्रकृयाबाट खरिद गर्दा पालिकाले पाउन सक्ने प्रतिस्पर्धाको लाभ गुमाएको छ । पालिकालाई आबश्यक सामाग्रीहरु खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी खरिद गर्ने प्राथमिकता दिनु आबश्यक देखिन्छ ।
</td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td>विद्यालय अनुदान - विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालयले नमुना विद्यालय छनौट गरी भौतिक तथा प्राविधिक पुर्वाधार (आइसिटि ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन) विकासका लागि प्रत्येक बर्ष रू. १ करोड ५० लाखका दरले लगातार ३ बर्ष सम्म बजेट विनियोजन गर्ने व्यवस्था अनुसार यस नगरपालिका भित्रको महाकाली माध्यमिक विद्यालय, वसन्तपुरलाई छनौट गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. ११.१.२.४४५ को ८.३ अनुसार नमुना विद्यालयको रूपमा छनौट भएको विद्यालयलाई अनुदान उपलब्ध गराउदाँ विद्यालय र स्थानीय तह विच सम्झौता गरी पहिलो किस्ताको रूपमा ५० प्रतिशत रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम</td><td>१५,२००,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>अनुदान दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताको रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। नगरपालिकाले विद्यालयसँग सम्झौता गरी मिति २०७९।३।२२ मा रू. १,५२,००,०००। निकासा गरेको देखियो। उक्त वजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षमा भएको निर्माण कार्यको प्रगति, स्वीकृत गुरूयोजनाको वार्षिक कार्यान्वयन योजना, यस आ.व. मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्ने व्यवस्था छ। सम्झौता अनुसार कार्य प्रगतिको आधारमा ५०, ३० र २० प्रतिशतको अनुदान उपलब्ध गराउनुपर्नेमा सोझै मिती २०७९।३।२२ मा रू. १ करोड ५२ लाख निकासा गरेको देखियो। नगरपालिकाले उक्त विद्यालयलाई दिएको अनुदान रकम दिनुको उदेश्य अनुसार काम गरेको देखिने लागत अनुमान, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण पेश गर्नुपर्ने रू.</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>ह्युमपाइप तथा विद्युत पोल खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ। तर सम्झौता, नापी किताब संलग्न नगरि देहाय बमोजिमको कार्यक्रमबाट विभिन्न साइजका रु.१०,१४,५१४। मुल्यका ह्युमपाइप तथा विद्युत पोल खरिद गरि वितरण गरेको देखिएकाले खरिद भएका पाइप जडान भए नभएन यकिन समबन्धमा कुनै जानकारी प्राप्त भएन। सालबसाली रुपमा पाइप खरिद गरि विभिन्न व्यक्तिहरुलाई बाढ्ने प्रवृत्तिले कार्यालयलाई थप आर्थिक भार पर्ने हुनाले यस्ता कार्य नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं/मिति</th><th>आपुर्तक</th><th>साइज</th><th>सामाग्रि विवरण</th><th>रकम रु</th></tr>
<tr><td colspan="5">ह्युम पाइप तथा विद्युत पोल खरिद</td></tr>
<tr><td>२०४।२०७९।१।१३</td><td>भागेश्वर ह्युम पाइप ईन्डस्ट्रिज</td><td>NP3 450 mm</td><td>३१ थान</td><td>४,९३,९२३।</td></tr>
<tr><td rowspan="3">२५१।२०७९।२।१०</td><td rowspan="3">भागेश्वर ह्युम पाइप ईन्डस्ट्रिज</td><td>NP3 600 mm</td><td>४ थान</td><td>८१५८६</td></tr>
<tr><td>NP3 450 mm</td><td>११ थान</td><td>१६२८३३</td></tr>
<tr><td>NP3 300 mm</td><td>७ थान</td><td>८२६६०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td rowspan="2">४२२।२०७९।३।१५</td><td rowspan="2">सेती ह्युम पाइप तथा विद्युत पोल उद्योग</td><td>NP3 450 mm</td><td>५ थान</td><td>८५,०३२</td></tr>
<tr><td>८ मिटर</td><td>१५ थान</td><td>१०८४८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०,१४,५१४।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>९७</td>
<td></td>
<td></td>
<td>
बढी भुक्तानि - प्रत्येक जिल्लामा त्यस जिल्लाका लागि लागु हुने गरी निर्माण सामाग्रिको जिल्ला दर रेट प्रकाशन हुने र सोही अनुसार लागत अनुमान तयार गर्नुपर्ने हुन्छ । तर निम्न कार्यमा कञ्चनपुर जिल्लाको २०७८।७९ को जिल्ला दररेटभन्दा निम्न अनुसार बढि दरमा भुक्तानि दिएको देखिन्छ । यसरी भुक्तानी दिन मिल्ने नदेखिएकोले जिल्ला दररेटभन्दा बढी भुक्तानी दिएको रकम सम्बन्धीत उपभोक्ता समिति वा आपूर्तीकर्ता बाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं./मिति</th><th>संख्या /साइज</th><th>जिल्ला रेट अनुसार हुनु पर्ने रु.</th><th>भुक्तानि भएको रु.</th><th>बढी भुक्तानि भएको रु.</th><th>योजनाको नाम</th></tr>
<tr><td>१</td><td>२०४।२०७९।१।१३</td><td>३१ np3-450mm</td><td>४५९५९३।</td><td>४९३९२३।</td><td>३४३२९।</td><td>९ नं वडामा ह्युम पाइप खरिद</td></tr>
<tr><td>२</td><td>२०८।२०७९।१।१५</td><td>२ np3-1200mm</td><td>८९३०२।</td><td>९९३४३।</td><td>१००४१।</td><td>दशरथ टमाटाको घर नजिक ह्युम पाइप जडान</td></tr>
<tr><td>३</td><td>३२७।२०७९।२।२६</td><td>१५ np3-900mm</td><td>७४३५२।</td><td>७८१४३।</td><td>३७९१।</td><td>वडा नं १ दोमिल्ला दिर्घ बुढाको घर</td></tr>
</table>
</td>
<td>१०७,१६७</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | नजिक ह्युम पाइप कल्भर्ट |
| ४ | ३५३।२०७९।३।१ | १५ np3-450mm | ७८७२०। | ८८९५३। | १०२३३। | भिम रानाको घर देखी अम बगिया सम्म बाटो ग्राभल |
| ५ | ४२२।२०७९।३।१५ | ५ np3-450mm | ७४१२८। | ८५०३२। | १०९०४। | विद्युत पोल तथा ह्युम पाइप खरिद |
| ६ | | १५(८ मि.) विद्युत पोल | ९५०८९। | ९८८८०। | ३७९०। | |
| ७ | ४३१।२०७९।३।१६ | २ np3-450mm | २६२४०। | ४४२८९। | १८०४९। | उद्बव लुहारको घर देखी शेर ब. वि.क.को घर सम्म बाटो ग्राभल |
| ८ | ४९०।२०७९।३।२२ | २ np3-900mm | ७००१४। | ७६६१४। | ६६००। | ह्युम पाइप खरिद |
| ९ | | ५ np3-600mm | १०२१५७। | १११५८७। | ९४३०। | |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td></td><td>जम्मा</td><td>१०६९५९५।</td><td>११७६७६४।</td><td>१०७१६७।</td><td></td></tr></table> | |
| ९८ | २९६ | २०७९-२-२४ | **ह्युम पाइप बेगर जडान** - पालिकाले वडा नं १ मा ९०० एम.एम. का ८ वटा, ६०० एम.एम.को १४ थान र ४५० एम.एम.को ४ थान ह्युम पाइप जडान भएको भनि उपभोक्ता समितिलाई रु.८,९८,८४९। ( ढुवानी रु.१४,६००।समेत) भुक्तानि दिएको देखिन्छ । तर ह्युम पाइप खरिदको प्रमाण पेश नभएको र पालिकाबाट ह्युम पाइप निकासा गरेको समेत नदेखिएकोले ह्युम पाइप बेगर जडान र ढुवानी खर्च भुक्तानी दिनु मनासिब देखिएन ।यस सम्बन्धमा पालिकाबाट यथार्थता यकिन गरी प्रमाण पेश हुनुपर्ने रु. | ८९८,८४९ |
| ९९ | १३१ | २०७८-१२-२४ | **ह्युम पाइप ढुवानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा उल्लेख भए अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरि श्रेस्ता खडा गर्नु पर्ने व्यबस्था छ । नगरपालिकाको ४ नं वडाले मोहना सिचाई जल उपभोक्ता समिति गोदावरी ११ बाट १२० एम.एम.का १० थान ह्युम पाइप वडालाई निःशुल्क उपलब्ध गराएकोले प्रति ह्युम पाइप रु.५,०००। का दरले ढुवानी बापत रु.५०,०००। श्री नरेश भण्डारीलाई भुक्तानि दिएको देखिन्छ । वडालाई प्राप्त भएको भनिएको ह्युम पाइप वडा कार्यालयमा दाखिला भएको प्रमाण पेश नभएको र उक्त परिमाणको पाइप जडान समेत भएको नदेखिएकोले उक्त पाइप ढुवानी गरेको भनेकै आधारमा उक्त रकम भुक्तानी दिनु मनासबि देखिएन ।उक्त ह्युम पाइप जडान नभई रहेको भए जिन्सी खातामा दाखिला गरेको प्रमाण वा जडान गरेको देखिने नापी किताब पेश नभए भुक्तानी भएको रकम अशुल हुनुपर्ने रु. | ५०,००० |
| १०० | १२७ | २०७८-१२-२४ | **डेस्क बेञ्च मर्मत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रचलित नर्म्श अनुसार गर्नुपर्ने उल्लेख छ । यस पालिकाले श्री कञ्चन मा.वि.मा डेस्क तथा बेञ्च मर्मत कार्यका लागि उपभोक्ता समितिबाट काम गराउने गरी लागत अनुमान तयार गर्दा जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी सोही दरसम्म भुक्तानी दिनुपर्नेमा फरक दरमा भुक्तानि दिएको देखिन्छ । तल तालिकामा उल्लेखित विबरण अनुसार फरक दरमा भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | १२७,०११ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कार्य</td><td>परिमाण</td><td>जिल्ला दर रु</td><td>भुक्तानी दर रु</td><td>बढि भुक्तानी रु</td></tr>
<tr><td>वेन्च निर्माण कार्य</td><td>०।१९ घ.मि</td><td>१३८०००</td><td>१८४६५३।४४</td><td>८८६४</td></tr>
<tr><td>डेस्क बनाउने</td><td>०।२६ घ.मि.</td><td>१३८०००</td><td>१८४६५३।४४</td><td>१२१३०</td></tr>
<tr><td>वाटरप्रुफ प्लाई डेस्कको लागि</td><td>७।१ ब.फि.</td><td>२८६६।७२</td><td>१०५६६।१३</td><td>५४६६५।</td></tr>
<tr><td>वाटरप्रुफ प्लाई वेञ्चको लागि</td><td>६।५५ व.फि.</td><td>२७२६।०५</td><td>१०५६६।१३</td><td>५१३५२।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१,२७,०११।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>
होर्डिङ्ग बोर्ड खर्च - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपपिनयम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याँङ्कन, विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिलाई कार्य सम्पन्न पश्चात कार्यस्थलमा सुचना पाटी राखेको भनि भुक्तानी दिएकोमा सुचना पाटी खरिद गरेको बिल संलग्न नरहेकोले भुक्तानि दिएकाले रकम निम्न अनुसार उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.नं/मिती</td><td>उपभोक्ताको नाम</td><td>भुक्तानी रकम रु</td></tr>
<tr><td>२२५।२०७९।१।२१</td><td>राजकुमार चौधरीको घर देखी काठेपुल सम्म सडक मर्मत</td><td>२०००।</td></tr>
<tr><td>२८६।०७९/२/२३</td><td>विनोद ताम्राकारको घर नजिक स्लेव कल्भर्ट निर्माण</td><td>३०००।</td></tr>
<tr><td>४३२।०७९/३/१६</td><td>बम बहादुर वोगटीको घर देखि शेर ब.वि.क.को घर नजिक चन्दनघटिय खोलामा कल्भर्ट निर्माण</td><td>२०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७०००।</td></tr>
</table>
</td><td>७,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १०२ | | २०७९-२-१० | **सी सी टी भी जडान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा उल्लेख भए अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्नेमा पालिकाको मुख्य मुख्य चोकमा सी.सि.टी.भि. क्यामरा जडान बापत रु.४,९३,२४५।भुक्तानी दिएकोमा सोको कार्य पुष्टि हुने आबश्यक प्रमाण र कागजात संलग्न नगरि क्यामराको बिल भरपाई र जडान भएको भनि पेश भएको निवेदनका आधारमा भुक्तानि दिएको देखिन्छ ।यसरी भुक्तानी दिनु मनासिब नदेखिएकोले सि सि क्यामरा जिन्सी दाखिला भइ यसै कार्यालयले जडान गरेको पुष्टि हुने आबश्यक प्रमाण र कागजात पेश गर्नुपर्ने रु. | ४९३,२४५ |
| १०३ | ४०३ | २०७९-३-१३ | **किसान सूचिकरण** - किसान सूचिकरण कार्यका लागि राष्ट्रिय किसान समुहसँग सम्झौता भएको देखिन्छ ।सम्झौता अनुसार पालिकाका बासिन्दाको तथ्यांक संकलन गरि किसानको अवस्था पहिचान, परिवेश अध्ययन, पहिचान भएका किसानलाई वर्गिकरण गरि परिचयपत्र वितरण गर्ने र सोही आधारमा सेवा सुविधामा न्यायोचित पहुँच स्थापना र जीविकोपार्जनमा टेवा पुर्याउने उदेश्य रहेको छ । उक्त कार्यको लागत अनुमान बमोजिम पालिकाले प्रश्नावली तयारी, छपाई, तथ्यांक संकलक पारिश्रमिक, तथ्यांक रुजु, प्रकाशन र परिचय पत्र छपाई जस्ता कार्यमा कुल रु.८,५६,०००। र राष्ट्रिय किसान समुहले छलफल, तथ्यांक संकलन, अभिमुखिकरण, सफ्ट्वेयर विकास र तथ्यांक प्रविष्टि कार्यमा रु.६,१०,०००। खर्च गर्ने उल्लेख छ ।सम्झौता अनुसार पालिकाले प्रश्नावली तयार र तथ्यांक संकलन पारिश्रमिक बापत कुल रु.६,३४,८००। खर्च गरेको देखिए पनि अन्य काम नभएको अबस्था रहेको छ भनेर राष्ट्रिय किसान समुहले गर्नुपर्ने कुनै कार्य भएको नदेखिएकोले पालिकाको तर्फबाट भएको खर्चको उपादेहिता देखिएन। सम्झौता अनुसार सबै काम सम्पन्न गरी प्रमाण पेश हुनुपर्ने रु | ६३४,८०० |
| १०४ | | | **खर्च सार्वजनिकीकरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने,उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, | |

| | | | | |
|---|---|---|---|---|
| | | | नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत निर्माण गरेका सबै योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पुर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट रखर्च सार्वजनिक गरेकोलगायतका सबै प्रमाण पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सबै प्रकृया पुरा गरी उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ । | |
| १०५ | | | **हेभीइक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्टयाईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| १०६ | | | **कामको विबरण नखुल्ने** - लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा मात्र खुलाउने गरेको छ ।यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| १०७ | | | **हस्तान्तरण नगरेको** - सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |

<table>
<tr>
<td>१०८</td>
<td></td>
<td></td>
<td>बोरिङ्ग जडान - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ ।तर निम्न सामानको लागत अनुमान बेगर सोझै खरिद गरी विभिन्न व्यक्तिलाई वितरण गरेको भरपाई पेश भएको छ । उक्त भरपाईमा सामाग्री बुझ्नेको परिचय खुल्ने प्रमाण कागजात संलग्न नरहेको र सामाग्री बुझिलिनेले उक्त सामाग्री जडान गरेको यकिन हुने प्रमाण पेश गरेको छैन ।उक्त व्यहोरा अनुसार खरिद गरी वितरण गर्नु मनासिब देखिएन । वितरण गरेको सामाग्री बुझिलिनेको परिचय खुल्ने प्रमाण सहित जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>क्र.सं.</td><td>भौ.नं./मिति</td><td>कार्य विवरण</td><td>रकम रु.</td></tr>
<tr><td>1</td><td>४१।०७८/१०/१६</td><td>सालमुनी नजिक दलित र महिला समुहलाई बोरिंग र मोटर</td><td>९९,९२५।</td></tr>
<tr><td>2</td><td>१३३।०७८/१२/२४</td><td>खानेपानी व्यवस्थापन अटो ह्याण्ड पम्म</td><td>५,५७,३३१।</td></tr>
<tr><td>3</td><td>५१४।०७९/३/२४</td><td>कृषि सिंचाई वोरिङ्ग खरिद</td><td>२,८०,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९,३७,२५६।</td></tr>
</table>
</td>
<td>९३७,२५६</td>
</tr>
<tr>
<td>१०९</td>
<td>३१</td>
<td>२०७८-१०-५</td>
<td>असम्बन्धितलाई भुक्तानि - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद सम्झौताबमोजिम सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानि गर्नुपर्ने उल्लेख छ । यस पालिकाले ८ नं वडा कार्यालय भवन निर्माणका लागि वाइ.आर/चन्द्र ग्रुप एण्ड सप्लायर्स जे.भी. सँग (ठेक्का नं.29-WOB-2077/078) रु. १,०९,२२,१६३।३० भुक्तानी दिने गरी सम्झौता भएको देखिन्छ। उक्त समझौता बमोजिम दोस्रो रनिङ्ग बिलको भुक्तानिको लागि पेश गरेको रु.१२,६५,३५३। भुक्तानि दिँदा सम्बन्धित निर्माण व्यवसायी वाइ.आर/चन्द्र ग्रुप एण्ड सप्लायर्स जे.भी. लाई भुक्तानि दिनुपर्नेमा चन्द्र ग्रुप एण्ड सप्लायर्सलाई भुक्तानि दिएको देखिन्छ छ। सम्झौता एक सँग र भुक्तानी अर्कोलाई गर्न मिल्ने नदेखिएकोले भुक्तानी दिएको रकम नियम सम्मत देखिएन । यस्तो अबस्थामा उक्त भुक्तानी रकमको मु अ कर र आयकरको गणना समेत यथार्थ नहुने</td>
<td>१,२६५,३५३</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | हुँदा भुक्तानी दिएको रकमको मु अ कर तथा आयकरसमेतको सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा हिसाब मिलान गरेको प्रमाण पेश हुनुपर्ने रु. | |
| ११० | | | **काम सम्पन्न नभएको -** | |
| ११०.१ | | | आ ब २०७४।७५ मा ठेक्का सम्झौता भई कार्यान्वयन गर्नुपर्ने वडा नं ५ को ढल निकासको योजना सम्पन्न नगरेकोले उक्त व्यबसायीसँग भएको सम्झौता रद्ध गरी कालो सूचीमा राख्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने र ढल निकासको योजना कार्यान्वयन गर्ने गरी कार्यपालिकाले २०७८।१०।१९ मा निर्णय गरेको छ ।उक्त कामका लागि साबिकमा लागत अनुमान रु.९०,९४,१७३।४२ भई बोलपत्रको माध्यमबाट रु.६२,१५,५०६।४४ (मु अ कर समेत) मा २०७६ माघसम्ममा काम सम्पन्न गर्ने गरी निर्माण व्यबसायी आकास एण्ड पवन कन्स्ट्रक्सनसँग २०७६।५।१० मा सम्झौता गरी रु.१२ लाख मोबिलाइजेसन पेश्की दिएको देखिन्छ ।उक्त व्यबसायीले उक्त कामका लागि कार्य सम्पादन जमानत बापत रु.१०,६८,०००। राखेको देखिन्छ । | |
| ११०.२ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता बमोजिमको काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिमको कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने व्यबस्था छ । सोही ऐनको दफा ५९ (८) मा उपदफा (७) अनुसार ठेक्का अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने तथा सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिमको बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आबश्यक पर्दछ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकीसरह अशुलउपर गरिने व्यबस्था छ । माथि उल्लेखित व्यहोराका आधारमा निर्माण व्यबसायीले काम नगरी ठेक्का अन्त्य गरी कालोसुचीमा समाबेश गर्ने कारबाही चलाउने निर्णय गरी सम्बन्धित कार्यालयमा कालोसूचीमा समाबेश गर्न सम्बन्धित कार्यालयमा पठाएको भने पनि मोबिलाईजेसन पेश्की रु.१२,००,०००।(गत बर्ष बेरुजू कायम) अशुल नगरेको सम्झौता अनुसार गर्नुपर्ने निर्माणको काम अन्य प्रकृयाबाट सम्पन्न गरी कार्य सम्पादन जमानत वापत राखेको रकम राजश्व दाखिला भएको नदेखिएकोले दाखिला हुनुपर्ने रु. | १,०६८,००० |
| १११ | | | **बिल बिजक नभएको** - आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा उल्लेख भए अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्नेमा पालिकाले निम्न निर्माण कार्यको प्रोभिजनल समबाट भुक्तानी दिँदा सोको सक्कल बिल बिजकको आधारमा भुक्तानी | ६०८,४८४ |

दिनुपर्नेमा सो बेगर भुक्तानी गरेको पाईयो ।यसरी भुक्तानी दिन मिल्ने नदेखिएकोले भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

| **ठेक्का नं** | **निर्माणको विवरण** | **निर्माण सेवा** | **बापत** | **रकम मु अ कर समेत** |
|---|---|---|---|---|
| 30-WOB-2077/078 | वडा नं ९ कार्यालय भवन | श्री राखि कैलाश जे भि | बिमा | ५०४५२४ |
| | | | ल्याव परिक्षण | ८५८८० |
| 46-RBT-2077/078 | वडा नं १,२र ३ मा सडक कालोपत्रे | श्री ठाकुर निर्माण सेवा | ल्याव परिक्षण | १६९५० |
| 9-RBT-2077/078 | वडा नं १ सडक कालोपत्रे | श्री गृस्पा कन्स्ट्रक्सन | ल्याव परिक्षण | ११३० |
| जम्मा | | | | ६०८४८४ |

११२ **अस्पताल भवन निर्माण -**

११२.१ यस पालिकाले निम्न विबरण अनुसार अस्पताल भवन निर्माणको कार्य गत बर्ष देखि चालू गरेको छ ।(रकम रु. हजारमा मु अ कर समेत)

| क्र सं | ठेक्का नं | निर्माण कामको विबरण | ल ई | सम्झौता रकम | सम्झौता मिति | काम सम्पन्न गर्नुपर्ने मिति | पेश्की रकम | हालसम्म को भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | 25/HBC/077/78 | कृष्णपुर स्वास्थ्य चौकी | ९,२०,२७ | ६,५९,२९ | २०७८।२।५ | २०८०।२।५ | ५७,०० | ०० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२</td><td>26/HBC/077/78</td><td>बिचवा स्वास्थ्य चौकी</td><td>१३,३५,५३</td><td>८,३६,६३</td><td>२०७८।२।५</td><td>२०८०।२।५</td><td>००</td><td>००</td></tr></table>
उल्लेखित दुबै कामका लागि निर्माण व्यबसायी श्री राजेन्द्र निर्माण सेवा सँग सम्झौता भएको छ । उक्त ठेक्कामध्ये क्र सं १ मा उल्लेखित ठेक्काका सम्बन्धमा मोबिलाईजेसन पेश्की समेत लगि सकेको अबस्थामा हालसम्म निर्माण कार्यको सुरुवात नै नगरेको कारण स्वास्थ्य मन्त्रालयबाट सो भबन निर्माणका लागि थप बजेट समेत माग गर्न समस्या भएकोले यथाशीघ्र कार्य सुचारु गर्न भनि कार्यालयको प सं०७९।८० च नं ९५७ मिति २०७९।९।८ को पत्रबाट ताकेता पत्र पठाए पनि निर्माण कार्य सुरु गरेको पाइएन । लेखापरीक्षण क्रममा कुल निर्माण अबधिको करिब ८० प्रतिशतभन्दा बढी अबधि सकिदासम्म कुनै काम सुरु नै नगर्ने कार्य मनासिब देखिएन । यस्तो अबस्थामा लिएको मोविलाईजेसन पेश्कीको समेत तोकिएको कार्यमा उपयोग भएको छ भन्ने अबस्था रहेन ।</td><td></td></tr>
<tr><td>११२.२</td><td></td><td></td><td>संघीय स्वास्थ्य मंत्रालय आर्थिक प्रशासन शाखाको प सं ०७७।७८ च नं ८९ मिति २०७७।६।१९ को पत्रबाट यस पालिकाको उल्लेखित दुबै अस्पताल निर्माणका लागि बजेट व्यबस्था समेत गरी निर्माण कार्य चालू गर्ने पत्र पठाएकोले पालिकाले दुबै अस्पतालका लागि डी पी आर गरी ठेक्कापट्टाको प्रकृया शुरु गरी सम्झौता समेत गरेकोमा दुई मध्ये एक अस्पतालका लागि मात्र बजेट पठाइने भन्ने स्वास्थ्य मन्त्रालयका जिम्मेवार व्यक्तिबाट मौखिक जानकारी प्राप्त भएकोले निर्माण कार्य सुचारु गर्न कठिनाई भएको भनाई पालिकाको रहेको छ । मन्त्रालयको पत्र अनुसार सबै प्रकृया सुरु गरे पश्चात एक अस्पतालका लागि मात्र बजेट व्यबस्था हुने जानकारी दिनु उक्त अस्पताल निर्माण क्षेत्रका बासिन्दाको चाहना बिपरित भई बिबाद समेत हुन सक्ने अबस्था आउने हुँदा पालिकाले आबश्यक समन्वय गरी दुबै अस्पताल निर्माणका लागि आबश्यक पहल हुन आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>११३</td><td></td><td></td><td>कार्यसम्पादन जमानत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढीको हुनुपर्ने उल्लेख छ । ठेक्का नं 32-cul-2077/78बाटवडा नं ५ को बडुटोल जाने बाटोमा पर्ने वालुवा नालामा कल्भर्ट निर्माणका लागि २०७८।२।२६ मा २०७८/९/३० सम्ममा (म्याद थपसमेत) काम सम्पन्न गरि रु.१४,६५,८२३। भुक्तानी दिने सम्झौता भएको देखिन्छ ।उक्त काम २०७८।९।२९ मा सम्पन्न भएको आधारमा कार्य सम्पादन जमानत रु.३,३४,५००।को मान्य अबधि २०७९।१०।२९ सम्म हुनुपर्नेमा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | २०२२ अक्टोबर १६ (२०७९।६।३०) सम्म रहेको देखिएकोले जमानतको बहाल रहने अबधि त्रुटी सुधार गर्ने अबधिसम्म पुग्ने देखिएन। यस्तो प्रकारले कार्य सम्पादन जमानत लिनु सम्झौता र नियमावली बमोजिम मिल्ने देखिदैन । निर्माण कार्य गर्दा तोकिएको अबधिसम्म बहाल रहने कार्य सम्पादन जमानत लिने र म्याद थप हुँदा सोही अनुसार अबधि थप गराउने व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| ११४ | | | **काम शुरु नभएको —** ठेक्का नं 31-CUL-077/78 घलघले खोलामा स्ल्याब कल्भर्ट निर्माण गर्ने कार्यका लागि ( वडा नं ८) लागत अनुमान रु.४० लाख ५ हजार भई बोलपत्रको माध्यमबाट रु.२३ लाख ५० हजारमा २०७८।४।२६ सम्ममा काम सम्पन्न गर्ने गरी निर्माण व्यबसायी श्री सिद्दी निर्माण सेवासँग २०७८।२।२६ मा ठेक्का सम्झौता भएको देखिन्छ । उक्त कार्यका लागि हालसम्म कुनै रकम भुक्तानी लगेको देखिदैन । उक्त व्यबसायीले कार्य सम्पादन जमानत वापत राखेको रु.६ लाख ४७ हजारको बैक ग्यारेन्टीको अबधि पनि २०७९ असोज ३० मा सकिए पनि म्याद थप नभएको र काम पनि चालु नभएको जानकारी हुन आयो । यस सम्बन्धमा स्थानीय व्यक्तीबाट निर्माण कार्यका लागि बिबाद सिर्जना भएकोले काम शुरु नभएको भनाई रहेकोले आबश्यक प्रकृया पुरा गरी काम सम्पन्न गराउनु पर्दछ । | |
| ११५ | | | **ठेक्का व्यबस्थापन -** यस पालिकाले यो आ ब मा ठेक्का सम्झौता गरेका र बिगत बर्षमा ठेक्का सम्झौता भई यस बर्ष चालू रहेका ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| ११५.१ | | | ठेक्का सम्बन्धी काम गर्ने सबै सरकारी निकायले महालेखापरीक्षकबाट स्वीकृत म ले प फा नं ५०७ को ढाँचामा ठेक्काको विबरण तयार गरी राख्नुपर्नेमा उक्त फारामले तोकेको ढाँचामा अभिलेख राखेको पाइएन । तोकिएको ढाँचामा सबै व्यहोरा खुल्ने गरी अभिलेख राख्ने व्यहोराको पालना नहुनु मनासिब देखिएन । तोकिएको म ले प फाराममा सबै व्यहोरा खुलाई अभिलेख राख्ने व्यबस्था हुनुपर्दछ । | |
| ११५.२ | | | पालिकाबाट प्राप्त जानकारी अनुसार गत बितगमा सम्झौता भई यस बर्ष जिम्मेवारी सरेका र यस बर्ष निर्माण ठेक्का सम्झौता भएका (सिलबन्दी दरभाउ पत्र र बोलपत्र) समेत कुल २३ को यसै आ ब काम सम्पन्न गर्ने गरी सम्झौता भए पनि काम सम्पन्न नभएको जानकारी हुन आयो ।उक्त ठेक्काको नियमानुसारको प्रकृया पुरा गरी म्याद थप भएको | |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यहोरा लेखापरीक्षण अवधिसम्म देखिएको छैन । सबै ठेक्काको नियमानुसार म्याद थप हुन नआए ठेक्का सम्झौता अनुसार पूर्ब निर्धारित क्षेतिपूर्ती अशुल गरी काम सम्पन्न गराउनु पर्दछ । | |
| ११५.३ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा खरिद कारवाहीको अभिलेख राख्दा आबश्यक पर्ने कागजात र त्यसको क्रमबद्धता तोकिदिएको छ । तर यस पालिकाले सो अनुसार खरिद कारबाहीको अभिलेख तयार गरी राखेको पाइएन । सो अनुसार नहुँदा खरिद कारबाही अनुगमन मुल्याँङ्कन तथा लेखापरीक्षणमा समेत कठिनाई पर्ने हुँदा नियमले तोके अनुसार खरिद कारबाहीको अभिलेख राख्ने व्यबस्था हुनुपर्दछ । | |
| ११५.४ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । यस्तो नगर्दा थोरै समयमा सकिने कामलाई तुलनात्मकरुपमा बढी र बढी समय लाग्नेलाई तुलनात्मकरुपमा घटी समयमा काम सम्पन्न गर्ने सम्झौता हुन सक्ने अबस्था आउन सक्ने हुँदा लागत अनुमान गर्दा नै काम सम्पन्न गर्ने लाग्ने समय खुलाउने र ठेक्का सम्झौता अनुसार सोही अनुसारको काम सम्पन्न गर्ने अबधि राखी सोही अनुसार काम सम्पन्न गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ११५.५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्र्इङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ११५.६ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गुणस्तर आस्वस्थता योजना Quality Assurance Plan पेश गर्न लगाई गुणस्तर परीक्षण प्रणालीलाई संस्थागत गराउनु पर्ने हुन्छ । पालिकाले निर्माणकार्यको गुणस्तर सुनिश्चितता केही निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री तथा निर्माण कार्यको प्रयोगशाला परीक्षण गराएको देखिए पनि अधिकाँश कामको परिक्षण गराएको पाइएन । यसले गर्दा सबै निर्माण कार्यमा पर्याप्त गुणस्तर कायम भएको छ भनि आश्वस्त हुन सकिने अवस्था छैन । अतः नियमावलीको प्रावधान अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न सबै निर्माण कार्यहरुको गुणस्तर परिक्षणलाई अनिवार्य गराउने तथा गुणस्तर परीक्षणका लागि पालिकाबाटै नमुना लिइ सरकारी निकायबाट गुणस्तर गराई सो को प्रमाण लिने व्यबस्थाको पालना हुनुपर्दछ । | |
| ११५.७ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार बीमा अबधि थप भए गरेको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी बीमा गराउने एवं ठेक्काको म्याद थप हुँदा बीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |
| ११५.८ | | | सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता बमोजिम ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ११५. ९ | | | सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । यस पालिकाबाट ठेक्कापट्टा गरीएका सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको देखिन फोटो सहितका प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| ११५. १० | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क (६) मा रहेको छ । यस कार्यालय अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ११५. ११ | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिंदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि | |

| | | | | |
|---|---|---|---|---|
| | | | नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ | |
| ११६ | | | **इको पार्क** - कृष्णपुर नगरपालिकाको वडा नं २ सामुदायीक बन क्षेत्रमा इको पार्क निर्माणका लागि लागत अनुमान रु.३,४४,१६,५८९।भई बोलपत्रको माध्यमबाट कबोल रकम रु.२,४८,९१,५९१।९०(मु अ कर समेत) मा २०८०।१।२५ सम्ममा काम सम्पन्न गर्ने गरी निर्माण व्यबसायी श्री जोशी अमृत जे भी सँग २०७८।५।२५ मा ठेक्का सम्झौता भएको देखिन्छ । उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् | |
| ११६.१ | १८ | २०७९-१-६ | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआवजा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले उक्त स्थानमा गरिने कार्यका लागि जग्गाको व्यबस्थापन र वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई सामुदायीक बनको क्षेत्रमा काम सुरु गरेको पाइयो । यस्तो प्रकृयाबाट काम सुरु गर्ने कार्य मनासिब देखिदैन । पालिकाले गरिने सबै निर्माण कार्यको जग्गा व्यबस्थापन पश्चातमात्र निर्माण कार्य सुरु गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ११६.२ | | | संघीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्बाधार तथा विकास साझेदारी कार्यक्रम र नगरपालिकाको समपुरक बजेट समेत बाट निर्माण सुरु गरेको उक्त कार्यको नगरपालिकाको ८० औं कार्यपालिका बैठकबाट प्रारम्भिक वाताबरणिय परिक्षण प्रतिबेदन निर्णय भएको भने पनि उक्त प्रतिबेदन ड्राफ्टमात्र भएको र नगरपालिकाबाट स्वीकृत भएको देखिएन । वन ऐन, २०७६ को दफा ४२(३) मा प्रदेश वा स्थानीय तहले विकास आयोजना संचालन गर्दा वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि नेपाल सरकार समक्ष अनुरोध गर्न सक्ने र सोही ऐनको दफा ४२(४) बमोजिम अनुरोध भई आएमा नेपाल सरकारले त्यस्तो आयोजना कार्यान्वयन गर्नका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृत दिन सक्ने व्यबस्था भएकोले सोही बमोजिमको प्रकृया पुरा गरी सकेपछि मात्र ठेक्का लगायतका कार्य संचालन गरी कार्य सुरु गर्नु पर्नेमा सो प्रकृया पुरा नगरी काम सुरु गरेकोले निर्माण कार्य रोक्का राख्न डिभिजन बन कार्यालय कन्चनपुरको प सं ०७८।७९ च नं १३९९ मिति २०७८।१२।२ को पत्र प्राप्त भएकोले कार्यपालिकाको २०७८।१२।१६ को निर्णय अनुसार निर्माण कार्य रोक्का गरेको जानकारी हुन आयो ।उक्त | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रकृया पुरा नगरी काम गराई १८।०७९।१।६ बाट निर्माण व्यबसायीलाई प्रथम रनिङ्ग विलवापत भुक्तानी दिएको रु.४९,९२,६६९। बाट गरीएको कार्यको उपादेयता भएको अबस्था रहेन । | |
| ११६.३ | | | उक्त व्यबसायीलाई उल्लेखित कार्य गर्नका लागि २०७८।८।८ मा दिएको रु.४०,७५,०००। मोबिलाईजेसन पेश्की दिएको मध्ये रु.८,५७,९२०।५९ फस्यौंट भई रु.३२,१७,०७९।४१ बाँकी रहेको छ ।निर्माण कार्य रोकिएको र पुन निर्माण कार्य सुरु हुने नहुने एकिन नभएकोले पेश्की दिनुको प्रयोजन अनुसार काम गर्नुपर्ने अबस्था हाल रहेको देखिएन ।काम सुचारु हुने अबस्था भए पुःन पेश्की दिन सकिने अबस्था कायमै रहने हुँदा दिइ सकेको मोबिलाईजेसन पेश्की रकम अशुल गरी राजश्व दाखिला गर्नुपर्दछ । | |
| ११७ | | | **प्रतिस्पर्धा बेगरको खरिद कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. १० लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरेर तथा नियम ३१(१) अनुसार रु. २० लाख भन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक बर्षमा एक पटक वा पटक पटक गरी रु. १० लाखभन्दा बढीको खरिद एउटै व्यक्ति ,फर्म, कम्पनी वा संस्थाबाट गर्न नसकिने व्यबस्था छ । पालिकाबाट प्राप्त विबरण अनुसार निर्माण कार्यको लागि यस बर्ष रु.९३ लाख ४७ हजार भुक्तानी दिएर १९ प्याकेजबाट गराएको काम सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरि फरक फरक स्थानको काम भनि लागत अनुमानको हाराहारीमै भुक्तानी दिन सम्झौता गरी काम गराएको पाइयो । खरिद गर्दा सिलबन्दी दरभाउ पत्र र बोलपत्रबाट खरिद गर्न सकिने प्याकेज बनाई प्रतिस्पर्धाको लाभसमेत प्राप्त हुने गरि काम गराउनु आबश्यक देखिन्छ । | |
| ११८ | | | **सामाजिक सुरक्षा** | |
| ११८.१ | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत विभिन्न बैंकबाट जम्मा रु.२०,२७,३५,५६३।३१ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः | |

| | | | | |
|---|---|---|---|---|
| ११८.२ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ११८.३ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बैकं मार्फत रू. २०,२७,३५,५६३।३१ सामाजिक सुरक्षा वितरण गरेको छ। बैकंवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकंमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले वेलामा लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरू एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ११८.४ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले वडा नं ५ र ७ को लाभग्राहीहरूका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैकले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरूको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरूको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरूको लगतकट्टा गरि बैकलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले केहि मृत व्यक्तिहरूको खातामा समेत रकम जम्मा भएको पाइयो। एकमुष्ट वैङ्कले मुत्यु भईसकेको व्यक्तीको खाताबाट रु.६,५४,१४०।६९ फिर्ता गरेको देखाए पनी क - कसको खातामा गएको रकम फिर्ता भएको पालिकाले एकीन गर्नुपर्दछ । अत : मृत व्यक्तिलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू. | १७८,१८८ |

| क्र.सं. | नाम | परिचय पत्र नम्वर | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | जगल्टी देवी वोहरा ( चौथो त्रैमासिक, ५ नं वडा, जेष्ठ नागरिक) | १९८५०२०३००३१६ | २२६६। |
| २ | पार्वती देवि टमाटो (चौथो त्रैमासिक, ५ नं वडा, विधुवा) | २०३२०४१७००१६३ | ३१९१। |
| ३ | सुनकिसरी डगौरा चौथो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | २०१७१२३०२५९०२ | ४००। |
| ४ | अनिफुल राना थारु दोस्रो त्रैमासिक, ५ नं वडा जेष्ट नागरिक | २००८०८१०००९९५ | ६७८५। |
| ५ | द्रोपती हुड्के चौथो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | २००५०७१२००५८५ | ९७३३। |
| ६ | दली दमाई पहिलो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | १९९८०४०३००९४३ | १९९५। |
| ७ | शेर वहादुर कामी चौथो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | २०१२०२१६००५७५ | ७८६६। |
| ८ | धाना देवी वोहरा दोस्रो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | २००९१००१०१५१७ | ८५३३। |
| ९ | नवराज सिँह दोस्रो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | १९९३०६१०००६३९ | १०८००। |
| १० | दुरा भट्ट दोस्रो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | २००५१२३२३७०५६ | ६८००। |
| ११ | छिद्रो देवि राना (दोस्रो त्रैमासिक, ५ नं वडा, विधवा ) | २००००११९००८७३ | ५५८५। |

| | | | |
|---|---|---|---|
| १२ | पार्वती देवि कामी चौथो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | २०२००५११०१८४ | ८००। |
| १३ | वरफी राना तेस्रो त्रैमासिक, ५ नं वडा, जेष्ट नागरिक) | २००३०१३००६७४९ | ९४४३। |
| १४ | विर्मा कामी (तेस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००९१२३०६१०६३ | ९३३। |
| १५ | लक्ष्मि देवि भट्ट (पहिलो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९८४०३१३०००५४ | ७६००। |
| १६ | गंगा देवि एडी (तेस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९१०८०४००२८५ | ८५३३। |
| १७ | श्रीकृष्ण राना(दोस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २०१७१२३०१९९३९ | ३४६६। |
| १८ | भजनी राना (दोस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००२१२३१४४०५१ | ९२००। |
| १९ | धौली देवि विष्ट दोस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९८७१०२०००३५३ | १६००। |
| २० | कृपाली देवी चौधरी (चौथो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००४०१०६०२५७१ | ३८६६। |
| २१ | मथुरा राना थारु(तेस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९८१२३१४७०६२ | ८०००। |
| २२ | कमला देवी वि.क ( पहिलो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००७१२३०६३१०२ | २१३३। |

| | | | |
|---|---|---|---|
| २३ | मन्धरी पन्त (दोस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००९०२०७००५१३ | १०९३०। |
| २४ | दुर्गा देवी कार्की (दोस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९८८१२३०४७३५४ | ६१३३। |
| २५ | भिखा राना (पहिलो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९९१२३१४२३६८ | ९०६६। |
| २६ | बेलु देवी विष्ट (दोस्रो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९९१२३०५६२५४ | ५४६६। |
| २७ | रामु राना (पहिलो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | १९९२१२३०६३३०४ | ८६६६। |
| २८ | वन्धु राना ( चौथो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक) | २००५१२३२३८६१७ | ९६००। |
| २९ | सैवा राना ( चौथो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक | २००२१२३२०९३७५ | १०६६। |
| ३० | बहादुर सार्कि ( चौथो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक | २००२०११२०८०६३ | ५३३। |
| ३१ | भरोसा राना ( चौथो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक | २००२१२३२०९४१७ | ४००। |
| ३२ | जगन्ना देवी रावल ( पहिलो त्रैमासिक, ७ नं वडा, जेष्ठ नागरिक | १९८६१२३०३१८९९ | ६८००। |
| | | | १,७८,१८८। |

| | | | | |
|---|---|---|---|---|
| ११८.५ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैंकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ११९ | | | **धरौटी फिर्ता** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भए पछि मात्र धरौटी बापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस पालिकाले तपसिलबमोजिमको धरौटी वापतको रकम फिर्ता गर्दा मु अ कर समायोजनको पत्र पेश गरेको पाईएन । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. ३,३०,४४२। रकम फिर्ता दिने कार्य मनासिब देखिएन तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु. | ३३०,४४२ |

| क्र.स | गोभौनं र मिति | सप्लायर्सको नाम | रकम | अपुग प्रमाण |
|---|---|---|---|---|
| १ | ७,२०७८/७/१५ | गिरी कन्स्ट्रक्सन | ७६५१९ | मु .अ कर समायोजन |
| २ | ८,२०७८/८/७ | गणपती कन्स्ट्रक्सन | ८०४०५ | मु .अकरसमायोजन |
| ३ | १२,२०७८/१०/४ | वुद्ध इलेक्ट्रोपावर | ३७५०० | मु .अकरसमायोजन |
| ५ | १४,२०७८/१०/१७ | भागेश्वरी ह्युम पाईप इण्डष्ट्रिज | ८५१८ | मु .अकरसमायोजन |
| ६ | १९,२०७८/११/१८ | रश्मी प्रसंशा जे.भि | ९०००० | मु .अकरसमायोजन |
| ७ | २७,२०७९/२/२४ | विजि ग्रुप ट्रेड एण्ड सप्लायर्स | ३७५०० | मु .अकरसमायोजन |
| जम्मा | | | ३,३०,४४२। | |

| | | | | |
|---|---|---|---|---|
| १२० | | | **धरौटी राजश्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम (६६) बमोजिम कार्यालयमा जम्मा गरेको धरौटी नियम (६५) बमोजिम जफत वा कट्टा नहुने वा नियम ६७ बमोजिम राजस्व दाखिला नहुने भए त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यबस्था छ ।धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनु पर्ने व्यबस्था छ । सो व्यहोरा अनुसार धरौटी फिर्ता दिनु नपर्ने अबस्था सृजना भई राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा सम्वन्धित अधिकारीले प्रचलित कानुन वा करारको शर्तनामामा म्याद तोकिएको भए सो म्यादभित्र र म्याद नतोकिएको भए तीस दिनभित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।यस पालिको धरौटी खातामा मौज्दात रहेको धरौटी रकम रु.८७,४३,०००।मध्ये प्रयोजन सकिएको धरौटी रकम एकिन गरी आबश्यक प्रकृया पुरा गरी राजश्वमा दाखिला गर्नुपर्दछ । | |
| १२१ | | | **अनुगमन तथा सम्परीक्षण** - महालेखा नियन्त्रक कार्यालयले २०७६/७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको थियो । बेरुजू लगत तथा संपरीक्षण अभिलेख प्रयोजनका लागि बेरुजु लगत खाता म.ले.प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म.ले.प. फा. नं. ८०५ लगायतका फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन। यस्तो अबस्थामा पालिकाको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख व्यबस्थितरुपमा रहेको छ भनि बिश्वस्त हुने अबस्था रहेन। यसका लागि पालिकाले उक्त फारामहरु प्रयोगमा ल्याई बेरुजू लगत तथा सम्परिक्षणको अभिलेख व्यबस्थितरुपमा राख्ने व्यबस्था गर्नुपर्दछ। | |